सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ माघ २०८०, मंगलबार (23 Jan 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बाल सुधारगृहभित्र भएका अधिकांश झडपमा वयस्क संलग्न



भक्तपुर सानोठिमीस्थित बाल सुधारगृह

अपराधका घटनामा दोषी ठहर भएपछि बाल सुधारगृहमा राखिएका बालबालिका १८ वर्ष पार गरेपछि पनि त्यहीं, २९ वर्षसम्मका वयस्क रहेका सुधारगृहभित्र हुने झडपका सबैजसो घटनामा उनीहरूकै संलग्नता

टेकराज थामी/नयाँ पत्रिका

अपराधका घटनामा दोषी ठहर भएपछि बाल सुधारगृहमा राखिएका बालबालिका १८ वर्ष पार गरेपछि पनि त्यहीं रहँदा सुधारगृहभित्र सुरक्षा चुनौती थपिएको छ। उनीहरूका कारण सुधारगृहभित्र झडपका घटना बढ्न थालेका हुन्।

देशभरका सुधारगृहमा अहिले १२ देखि १८ वर्षसम्मका बालबालिका मात्रै होइन, त्यसभन्दा माथि २९ वर्षसम्मका वयस्क पनि छन्। १८ वर्षको उमेरअघि सुधारगृहमा ल्याइएका उनीहरू वयस्क भएपछि पनि सजाय भुक्तान बाँकी रहेसम्म सुधारगृहमै रहेका हुन्। सुधारगृहभित्र हुने हुलदंगाका सबैजसो घटनामा वयस्कहरू नै संलग्न रहेको पाइएपछि सरकार कानुन परिमार्जन गर्ने तयारीमा जुटेको छ।

'अहिले देशभर नौवटा बाल सुधारगृह छन्। जहाँ एक हजार एक सय ९६ बालबालिका छन्। त्यहाँ भएका अधिकांश झडपका घटनामा १८ वर्षभन्दा माथिका नै संलग्न हुने गरेको देखिन्छ,' महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी प्रवक्ता इन्दु घिमिरेले भनिन्।

देशभरका सुधारगृहमा हाल एक हजार एक सय ९६ बालबालिका छन्। जसमध्ये चार सय २८ जना अर्थात् ३६ प्रतिशत १८ वर्षभन्दा माथिका छन्। १७ देखि १८ वर्षका बालबालिका चार सय ५३ जना अर्थात् ३८ प्रतिशत छन् भने १२ देखि १६ वर्षसम्मका तीन सय ४५ जना अर्थात् २६ प्रतिशत छन्। मन्त्रालयका अनुसार सुधारगृहभित्र भएका सबै झडपका घटनामा १८ वर्षभन्दा माथिकै बालबालिका संलग्न छन्।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ को उपदफा ४ मा १८ वर्ष उमेर पूरा भएका, तर सजाय भुक्तान भइनसकेका बालबालिकालाई अन्य बालबालिकासँग अलग बनाई सुधारगृहमा नै राख्ने व्यवस्था गरिएको छ। 'बाल सुधारगृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर १८ वर्ष पुगेमा निजको बानी-व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरतालगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधारगृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्नेछ,' सो उपदफामा भनिएको छ।

तर, नेपालका सुधारगृहमा १८ वर्षभन्दा

» पृष्ठ २ मा क्रमशः

बालबालिकासम्बन्धी ऐनसहित अन्य ऐन पनि परिमार्जन गर्न आवश्यक छ

● **इन्दु घिमिरे**, प्रवक्ता, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय



अहिले देशभर नौवटा बाल सुधारगृह छन्। जहाँ एक हजार एक सय ९६ बालबालिका छन्। त्यहाँ भएका अधिकांश झडपका घटनामा १८ वर्षभन्दा माथिका नै संलग्न हुने गरेको देखिन्छ। १८ वर्षभन्दा माथिका वयस्कलाई सुधारगृह नभई सीधै कारागारमा पठाउने हो या व्यवस्थापनका लागि अरू नै उपाय खोज्ने भन्ने विषयमा छलफल भइरहेको छ। यसका लागि बालबालिकासम्बन्धी ऐनसहित अन्य ऐन पनि परिमार्जन गर्न आवश्यक छ।

बाल सुधारगृहमा पछिल्लो समय भएका केही हुलदंगा

गत ३ भदौमा भक्तपुरको सानोठिमीस्थित बाल सुधारगृहमा तोडफोड भएको थियो। बन्दीहरू सुधारगृहको गेट फोडेर नारा-जुलुस लगाउँदै सडकमा निस्किएका थिए। घटनामा संलग्न हुने सबै वयस्क थिए। सोही कारण मन्त्रालयले वयस्क बालबालिकालाई भक्तपुरबाट स्थानान्तरण गरी बाँकेको नौबस्तास्थित सुधारगृहमा लगेको थियो। तर, नौबस्तास्थित सुधारगृहमा पनि गत १५ पुसमा दुई समूहबीच झडप भयो। त्यसक्रममा सुधारगृहमा रहेका असिर रावल गम्भीर घाइते भए। उग्र बनेका बालकहरूले सरकारी गाडी पनि तोडफोड गरेका थिए। सँगै उनीहरूले सुधारगृहको कोठाभित्र ओछ्याइएको पार्केट पनि झिकेर फालेका थिए।

त्यसअघि, १५ पुस ०७९ मा पनि बाँकेको डुडुवास्थित जयेन्दु बाल सुधारगृहबाट जबर्जस्ती मुद्दाका धर्म थापा, कृष्ण नगरकोटी र अविनाश पुन तथा कर्तव्य ज्यान मुद्दाका पुरन चौधरी फरार भएका थिए। पछि पक्राउ गरेर उनीहरूलाई २९ माघमा बाँकेबाट सरुवा गरी सानोठिमी ल्याइएको थियो। सुधारगृहस्थित कैदीबन्दीलाई कारागार तोडफोड गर्न र भगाउन उक्साउने कार्यमा उनीहरूको भूमिका थियो। त्यसअघि उनीहरू कपिलवस्तुस्थित सुधारगृहमा थिए। त्यहाँ रहँदा बदमासी गरेपछि उनीहरूलाई सरुवा गरेर बाँके लगिएको थियो।

■ आन्दोलनमा जाने ओलीको घोषणा

नयाँ समीकरण बनाउन वा मध्यावधि निर्वाचनका लागि ?

गठबन्धन भत्काएर ध्रुवीकरणमार्फत नयाँ राजनीतिक कोर्स निर्माणको प्रयासमा रहेको एमाले सदन र सडक दुवैतिरबाट दबाब बनाउने रणनीतिमा, आन्दोलनको वार्मअपका लागि आज अध्यक्ष ओलीको नेतृत्वमा एमालेले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै

■ ओली कांग्रेस नेता शेखर कोइरालासँग निरन्तर सम्पर्कमा

■ रास्वपाका अध्यक्ष रवि लामिछानेसँग ओलीको भेटवार्ता

शुरोजंग पाण्डे/नयाँ पत्रिका

गठबन्धन सरकारले एकवर्षे कार्यकाल पूरा गरेलगत्तै प्रमुख विपक्षी एमालेले नयाँ सरकारको विकल्प खोजी गर्दै आन्दोलन सुरु गर्ने घोषणा गरेको छ। सत्तारूढ गठबन्धन भत्काएर अर्को सरकार बनाउने प्रयासका लागि एमालेले आन्दोलन घोषणा गर्ने तयारी गरेको हो।

गठबन्धन टुटाउन नसके मुलुकलाई मध्यवधितिर लैजाने एमालेको अर्को योजना छ। अध्यक्ष केपी ओलीले जनताको बलमा निर्णायक आन्दोलन गरेर मिसन ८४ अगावै देशलाई निकास दिनुपर्ने अवस्था आउन सक्ने भन्दै तयार रहन पनि कार्यकर्तालाई निर्देशन दिँदै आएका छन्।

आन्दोलन गर्ने चेतावनीलाई एमाले नेताहरूले राजनीतिक ध्रुवीकरण र नयाँ 'राजनीतिक कोर्स' निर्माणका लागि गरिने

» पृष्ठ २ मा क्रमशः

मिसन ०८४ भनेर पर्खिने अवस्था नहुन सक्छ : ओली



४ माघमा नेपाल खेलकुद महासंघको बैठकलाई सम्बोधन गर्दै एमाले अध्यक्ष केपी ओलीले भनेका थिए-

देश अप्ठ्यारो स्थितिमा छ, सबैतिरबाट देश जोगाउनुपर्नेछ, यस्तै अवस्था रहिरहे हामीले मिसन ०८४ भनेर पर्खिन नसक्ने स्थिति आउन सक्छ। देश बर्बाद हुन लाग्यो भने कहाँ ८४ को चुनाव भनेर पर्खेर बसेर हुन्छ ? उस्तै परे हामीले गठबन्धन भत्काएर... तर लोभीपापीहरू नभत्किन सक्छन्। यिनीहरू सबैको घाँटी, शरीर एकै ठाउँ जोडिएको छ। यी एकै भ्रष्टचारी वंशका, कमिसनतन्त्रीय वंशका हुन्, निकम्मा गोत्रका, देशद्रोही जातका हुन्। त्यसैले, हामीले जनताको बलमा आन्दोलनमा उत्रिनुपर्ने आवश्यकता छ। आन्दोलनका निम्ति पार्टीले जति वेला सिठी बजाउँछ, त्यति वेलै मैदानमा दौडिएर पुग्ने गरी तयारी गर्नुपर्छ। छोटो तयारीमा आन्दोलनमा उत्रिनुपर्ने हुन सक्छ। यो मानसिकताका साथ हामी जानुपर्छ। उनीहरूले हामीमाथि जस्तोसुकै प्रहार गर्न सक्ने स्थिति छ। अहिले हामी निर्णायक लडाइँ लडिरहेका छौं, उनीहरू एक्लै हामीसँग कोही लड्न सक्दैन भनेर आतंकित छन्।

अहिलेको गठबन्धन भत्काएर नयाँ बनाउनु प्रतिपक्षको धर्म नै हो

● **राजेन्द्र गौतम**, प्रमुख, प्रचार विभाग



अहिले गठबन्धनभित्र संकट छ, जति दिन यो गठबन्धन रहन्छ, देशमा त्यति नै धेरै राष्ट्रिय संकट निम्तिन्छ। त्यसैले यो गठबन्धन भत्काउनु, टुटाउनु, कमजोर बनाउनु र नयाँ गठबन्धन बनाउनु प्रतिपक्षको धर्म नै हो। त्यसैले हाम्रो अहिलेको ध्येय सत्तारूढ गठबन्धन भत्काउने र नेपाली राजनीतिलाई नयाँ कोर्सबाट समाजवादी यात्रामा लैजाने नै हो।

सत्तागठबन्धनका नेताहरू भन्छन्- एमालेको आन्दोलन सत्ताबाहिर हुँदाको छटपटाहट



रमेश लेखक



हितराज पाण्डे

सत्तागठबन्धनका नेताहरूले एमालेले गर्ने भनेको आन्दोलन सत्ताबाहिर हुँदाको छटपटाहट भएको टिप्पणी गरेका छन्। 'मध्यावधिमा जाने भनेको अहिलेको व्यवस्था र संविधानलाई अस्थिर गरेर समाप्त गर्ने कुरा हो। नयाँ कुनै समीकरण बन्नेवाला छैन। एमालेको आन्दोलन भनेको सत्ताबाट बाहिर भइसकेपछिको छटपटाहट हो,' कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने। माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले नयाँ समीकरणको सम्भावना नै नरहेको बताए। 'नयाँ समीकरण बन्ने कुरै छैन। मलाई त्यस्तो लाग्दैन, गठबन्धन पाँचै वर्ष जान्छ। देश मध्यावधिमा जाने भन्ने पनि त्यस्तो केही छैन। गणतन्त्रमा आन्दोलन गर्न पाउने अधिकार छ। तर, आएका विषयवस्तुमा केही भइहाल्छ भन्ने होइन,' उनले भने।

राष्ट्रिय सभा निर्वाचनको मौन अवधि सुरु

१९ सिटका लागि ११ माघमा हुने निर्वाचनमा ५१ उम्मेदवार प्रतिस्पर्धामा

नयाँ पत्रिका

राष्ट्रिय सभा निर्वाचनको मौन अवधि सोमबार रातिदेखि सुरु भएको छ। निर्वाचन आयोगका अनुसार ११ माघमा हुने निर्वाचनको सबै तयारी पूरा भएको छ। राष्ट्रिय सभाका १९ सदस्यका लागि निर्वाचन हुन थालेको छ। आयोगले चुनावमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न निर्वाचन आयोगले सोमबार मध्यरात १२ बजेदेखि मौन अवधि लागू गरेको हो।



माघ ८ गते राति १२ बजेपछि कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा सेयर गर्न वा गराउन नहुने हुँदा सोबमोजिम आचरण पालना गर्न-गराउन अनुरोध गरिन्छ

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्थासहितको सबै तयारी पूरा भएको छ। आयोगले यस अवधिमा निर्वाचन प्रचारप्रसारमा भौतिक र अनलाइन गरी सबै प्रकारका गतिविधिमा रोक लगाइएको छ। 'माघ ८ गते राति १२ बजेपछि कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा सेयर गर्न वा गराउन नहुने हुँदा सोबमोजिम आचरण पालना गर्न-गराउन अनुरोध गरिन्छ,' आयोगको विज्ञप्तिमा छ।

आयोगले मतदानका लागि बिहान ९ बजे देखि अपराह्न ३ बजेसम्मको समय तोकेको छ। आयोगका अनुसार यसपटकको निर्वाचनमा प्रदेश सभा सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको निर्वाचन चिह्न रहेको मतपत्र र पालिकाका प्रमुख र उपप्रमुखहरूका लागि सेतो रङको कागजमा रातो रङको निर्वाचन चिह्न रहेको मतपत्र तयार गरी मतदान केन्द्रमा पठाइसकिएको छ।

मतभारका आधारमा सत्तागठबन्धनको मतभार बढी छ। सत्तारूढ गठबन्धन एकातिर र एमाले अर्कोतिर प्रतिस्पर्धामा उत्रिँदा मतदान हुन लागेका सबै सिटमा एमाले पछाडि छ। राष्ट्रिय सभामा ५९ सिट छन्। अहिले निर्वाचनमा आठवटै सिट गुमाएमा एमाले राष्ट्रिय सभामा पहिलो दलबाट तेस्रो दल बन्नेछ। हाल १७ सिटसहित राष्ट्रिय सभामा पहिलो दल रहेको एमाले आठ सिट गुमाउँदा नौ सिटमा खुम्चिन्छ। हाल १४ सिट रहेको माओवादी एमालेका तीन सिट थप गरेर पहिलो दल बन्नेछ। हाल १० सिटसहित दोस्रो स्थानमा रहेको कांग्रेसले ६ सिट थप गर्दा राष्ट्रिय सभामा दोस्रो दलको हैसियत बनाउनेछ। तर, समग्रमा संघीय संसद् (राष्ट्रिय सभा र प्रतिनिधिसभा)मा भने एमालेको स्थान दोस्रो दलकै हैसियतमा रहनेछ।

विदेशमा रहेका नेपालीलाई मताधिकार दिनेबारे दलहरू विभाजित

०८४ को निर्वाचनमा मताधिकार पाउनुपर्ने प्रवासी नेपालीको माग



कांग्रेस, माओवादी, एकीकृत समाजवादीलगायत दलहरू आर्थिक र प्राविधिक क्षमता तथा स्रोतका हिसाबले तत्कालै प्रवासी नेपालीलाई मतदानमा सहभागी गराउन चुनौती रहेको तर्क गरिरहेका छन्।

एमाले, रास्वपा, राप्रपालगायत विपक्षी दलहरूको धारणा स्रोत-साधनको प्रतिकूलता देखाएर संविधानले नै ग्यारेन्टी गरेको विदेशमा रहेका नेपालीको मतदानको अधिकार कुण्ठित गर्न नहुने भन्ने छ।

(विस्तृत पृष्ठ ३)

खेलकुदमा दीर्घकालीन योजनाको खाँचो



अग्रलेख

(पृष्ठ ४)

● पार्थ सारथी सेन गुप्त

राष्ट्रको खेलकुद विकासका लागि उत्कृष्ट खेलाडीले अवसर खोज्ने होइन, राज्यले उत्कृष्ट खेलाडी खोज्ने परिपाटी बनाउन सक्नुपर्छ

भारतले बनाइदिने पेट्रोलियम परियोजनामा उल्झन



नेपाल र भारतका प्रधानमन्त्रीले गरेको समझदारी आठ महिना बित्न लाग्दासमेत आइओसी र निगमको वार्ताटोली परियोजना अघि बढाउने निष्कर्षमा पुगेनन्

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्गोष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अयोध्यामा नवनिर्मित राम मन्दिरमा रामको बालस्वरूप मूर्तिको प्राणप्रतिष्ठा

प्रधानमन्त्री मोदी ११ दिनसम्म अन्न नखाई चार राज्यका सात मन्दिरको दर्शन गरेपछि अयोध्यामा प्राणप्रतिष्ठामा सहभागी भए

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरमा सोमबार रामको बालस्वरूप मूर्तिको प्राणप्रतिष्ठा भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको अयोध्या जिल्लामा निर्मित राम मन्दिरमा राखिएको बालस्वरूप मूर्तिको प्राणप्रतिष्ठा गरेका छन्। केही महिनामा भारतमा लोकसभा निर्वाचन हुन लागेकाले मन्दिर निर्माण एउटा राजनीतिक मुद्दा पनि बनेको छ।

मोदीले प्राणप्रतिष्ठामा सहभागीलाई सम्बोधन गर्ने क्रममा २२ जनवरी २०२४ लाई पात्रोको सामान्य मिति नभएर भारतमा नयाँ कालचक्रको उद्भव भएको बताएका छन्। '२०२४ जनवरी २२ भनेको पात्रोको एउटा सामान्य मिति होइन, यो नयाँ कालचक्रको उद्भव हो। मानिसहरूले अबको हजारौं वर्षपछि पनि यो क्षण र यो मितिको चर्चा एवं सम्झना गरिरहनेछन्,' भारतीय प्रधानमन्त्री मोदीले भने।

भारतभरि हिन्दु समाजले राम मन्दिरको प्राणप्रतिष्ठालाई विजयका रूपमा मनाइरहँदा प्रधानमन्त्री मोदीले यो विजयभन्दा

» पृष्ठ २ मा क्रमशः

■ भारत र विश्वभरिबाट ट्रस्टमा आएको करिब ३७ अर्बबाट मन्दिर निर्माण



मूर्तिको प्राणप्रतिष्ठा गर्ने क्रममा भारतीय वायुसेनाको हेलिकोप्टरले अयोध्यास्थित राम मन्दिरमा पुष्प वर्षा गर्दै

सन् १५२८ मा अयोध्यामा मुगल शासकहरूले बाबरी मस्जिद निर्माण गरेका थिए। त्यसको तीन सय वर्षपछि हिन्दु समाजले संगठित रूपमा विरोध गर्दै आएको थियो। भारतमा ब्रिटिस उपनिवेश भएपछि मस्जिदभित्र मुस्लिमलाई र मस्जिद क्षेत्रबाहिर हिन्दुहरूलाई पूजापाठका लागि ठाउँ दिइएको थियो। भारत स्वतन्त्र भएपछि सन् १९४९ मा उक्त स्थानलाई सरकारले विवादित ठाउँ घोषणा गऱ्यो। राम मन्दिर र बाबरी मस्जिदका विषयमा हिन्दु र मुस्लिमबीच विवाद र झडपले हिंस्रक रूप पनि लिएको थियो।

पछि अयोध्याको विषय अदालतको मुद्दा बन्न पुग्यो। इलाहाबाद उच्च अदालत हुँदै भारतको सर्वोच्च अदालतमा मुद्दा पुगेको थियो। सर्वोच्च अदालतले सन् २०१९ नोभेम्बर ९ मा बाबरी मस्जिद रहेको जमिन रामको जन्मभूमि रहेको फैसला गर्दै उक्त जमिन राम जन्मभूमि निर्माणका लागि ट्रस्ट गठन गरेर त्यसलाई हस्तान्तरण गर्न आदेश दियो। अदालतले मुस्लिमहरूको उत्तर प्रदेश सुन्नी सेन्ट्रल बोर्डलाई वैकल्पिक स्थानमा मस्जिद बनाउन पाँच एकड जमिन दिन सरकारका नाममा आदेश जारी गरेपछि अयोध्या विवाद समाप्त भएको थियो। त्यसपछि राम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्ट नामको निकाय गठन भयो र यसकै नेतृत्वमा राम मन्दिर निर्माण तय भयो। भारतीय प्रधानमन्त्री मोदीले २०२० अगस्ट ५ मा राम मन्दिरको शिलान्यास गरेका थिए। उनले नै सोमबार मन्दिरको भुइँतलामा स्थापित रामलल्ला (बालस्वरूप) मूर्तिको प्राणप्रतिष्ठा गरेका छन्। सरकारी बजेटमा राम मन्दिर निर्माण भएको होइन। भारत र विश्वभरिबाट ट्रस्टलाई दिइएको करिब ३७ अर्ब रुपैयाँबाट मन्दिर निर्माण भएको हो।

बालसुधार...

पृष्ठ १ बाट क्रमशः

माथिका बालबालिकालाई अन्य बालबालिकाबाट अलग गरेर राख्ने गरिएको छैन । जसका कारण वयस्कहरूले साना बालबालिकालाई हेप्ने, नियन्त्रणमा राख्न खोज्नेलगायतका घटना सुधारगृहभित्र हुने गरेका छन् । आपसमा झडप पनि तिनै कारण हुने गरेको प्रवक्ता घिमिरेले बताइन् ।

'१८ वर्षभन्दा माथिका बालबालिका र १८ वर्षभन्दा कम उमेरका बालबालिका सँगै राखिएका छन् । यसो हुँदा उनीहरूबीचको सोचाइ, उमेरको स्तर, शारीरिक आवश्यकता नमिल्ने रहेछ,' प्रवक्ता घिमिरेले भनिन्, 'वयस्कहरूले सानालाई हेप्ने, नियन्त्रणमा राख्न खोज्नेजस्ता गतिविधि हुँदा रहेछन् । सोही कारण आपसमा झडप हुने गरेको हाम्रो अनुभवले देखाएको छ ।' यी समस्यालाई मध्यनजर गर्दै सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ को उपदफा ४ को केही व्यवस्था र मुलुकी अपराध संहिता, २०७४ को केही व्यवस्था परिमार्जन गर्ने तयारी गरेको छ ।

'१८ वर्षभन्दा माथिका वयस्कलाई सुधारगृह नभई सीधै कारागारमा पठाउने हो या व्यवस्थापनका लागि अरू नै उपाय खोज्ने भन्ने विषयमा छलफल भइरहेको छ,' प्रवक्ता घिमिरेले भनिन्, 'यसका लागि बालबालिकासम्बन्धी ऐनसहित अन्य ऐन पनि परिमार्जन गर्न आवश्यक छ ।'

सरकारले यसका निम्ति केन्द्रीय बाल न्याय समिति गठन गरेको छ । समितिमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसहित गृह, कानुनलगायतका मन्त्रालयका प्रतिनिधिको पनि सहभागिता छ । सोही समितिले दिएको सुझावका आधारमा कानुन परिमार्जनको काम अघि बढ्नेछ ।

तीन वर्षदेखि काठमाडौंका विभिन्न पोलिक्लिनिकमा उपचार गर्ने नक्कली डाक्टर पक्राउ

नयाँ पत्रिका



'थाइराइड स्पेसियलिस्ट' हुँ भन्दै काठमाडौंका विभिन्न क्लिनिकमा बिरामीको उपचारमा संलग्न नक्कली डाक्टरलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने मोरङ विराटनगर महानगरपालिका- २ का ४० वर्षीय डा. एस. भट्ट आचार्य भनिने सम्बुद्ध भट्टाचार्य रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार उनले चाइनाबाट एमबिबिएस गरेको भन्दै तीन वर्षदेखि काठमाडौंका विभिन्न पोलिक्लिनिकमा बिरामीको उपचार गर्दै आएका थिए । उनलाई आइतबार अनुसन्धान कार्यालयबाट खटिएका प्रहरी टोलीले टोखा नपा- ५ बसुन्धरास्थित धौलागिरी हिमाल पोलिक्लिनिकबाट पक्राउ गरेको हो ।

उनले महाराजगन्जस्थित शिक्षण अस्पतालमा कार्यरत रहेको भन्दै आएका थिए । यसका लागि उनले शिक्षण अस्पताल र नेपाल मेडिकल काउन्सिलको समेत नक्कली प्रमाणपत्र बनाएका थिए ।

अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले मेडिकल काउन्सिललगायतका सरकारी संस्थाको नक्कली परिचयपत्र बनाई क्लिनिकहरूमा उपचार गर्ने नक्कली डाक्टर पक्राउ परेको बताए । 'एक नक्कली डाक्टर पक्राउ परेका छन् । उनले आफूलाई 'थाइराइड स्पेसियलिस्ट' हुँ भन्दै आएका रहेछन् । विभिन्न क्लिनिकहरूमा बिरामीको उपचार गर्दै आएका रहेछन् । उनले मेडिकल काउन्सिललगायतका सरकारी निकायको नक्कली प्रमाणपत्र बनाएका रहेछन् । सोही आवरणमा बिरामीको उपचार गर्ने रहेछन्,' उनले भने ।

मेडिकल काउन्सिलबाट उनको नाममा जारी प्रमाणपत्र परीक्षणका लागि प्रहरीले सम्बन्धित कार्यालयमा पठाएको थियो । उनको नाममा कुनै प्रमाणपत्र जारी नभएको जानकारी प्राप्त भएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो । उनीसँग नेपाल मेडिकल काउन्सिल स्थायी दर्ता प्रमाण पनि बरामद भएको छ । उनले नेपाल चिकित्सक संघको पनि नक्कली परिचयपत्र बनाएका थिए । त्यसबाहेक पनि विभिन्न सरकारी निकायबाट उनको नाममा जारी नक्कली प्रमाणपत्र बरामद भएका छन् ।

आजदेखि न्युरोड क्षेत्रका सडकमा सवारी पार्किङ निषेध

काठमाडौं/ काठमाडौं महानगरपालिकाले आजदेखि न्युरोड क्षेत्रको कालोपत्रे सडकमा सवारी पार्किङमा रोक लगाउने भएको छ । यसको विकल्पमा पुरानो बसपार्कस्थित काठमाडौं टावरमा निःशुल्क पार्किङको सुविधा उपलब्ध गराइनेछ । यस टावरमा तीन सयवटा चारपाग्रे सवारीसाधन र सात सय दुईपाग्रे सवारीसाधन पार्किङ गर्न सकिन्छ । महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेका अनुसार आजदेखि पार्किङ निषेध गरेर ती ठाउँमा विशेष सरसफाइ गर्ने योजना छ । यसले सवारी आवागमनमा सहज बनाउने अपेक्षा गरिएको छ । उनले भने, 'धर्मपथ, जुद्ध सालिकदेखि इन्द्रचोकतर्फको सडकखण्ड, खिचापोखरी, महाबौद्ध, वीर अस्पतालआसपासको कालोपत्रे सडकमा पार्किङ निषेध गरिएको छ ।' यसअघि झौंछे क्षेत्रमा सवारी पार्किङ निषेध कार्यान्वयन गरिसकिएको छ ।

विदेश पठाइदिन्छू भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं/ वैदेशिक रोजगारीका लागि ओमान पठाइदिन्छु भनी रकम ठगी गर्ने २५ वर्षीय उज्ज्वलराज पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ । सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-११ घर भई हाल काठमाडौं महानगरपालिका-६, बौद्ध बस्ने पाण्डेले विवेक सुनारसहित तीनजनालाई वैदेशिक रोजगारीका लागि ओमान पठाइदिन्छु भन्दै पाँच लाख ३० हजार लिई सम्पर्कविहीन भएका थिए । उनले ओमान जान प्रतिव्यक्ति दुई लाख ५० हजार लाग्ने र मासिक ६० हजार तलब हुने प्रलोभनमा ठगी गरेको भन्दै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी परेको थियो । कार्यालयको टोलीले पाण्डेलाई आइतबार बौद्धबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाएको छ ।

नयाँ समीकरण...

पृष्ठ १ बाट क्रमशः

प्रयासका रूपमा प्रस्ट्याएका छन् । अध्यक्ष केपी ओलीले एक सातायता सार्वजनिक कार्यक्रममार्फत लगातार सरकारको विकल्प खोज्नका लागि आन्दोलन गर्ने घोषणा गर्दै आएका छन् ।

अर्कोतर्फ एमालेले सम्भावित कदमका लागि पार्टीपंक्तिलाई आन्तरिक रूपमा 'वार्मअप' गराउन सुरु गरेको छ । तर, आन्दोलनको स्वरूप, चरण र कार्यक्रम भने एमालेले बाहिर ल्याइसकेको छैन । ओलीले सरकार असफल भइसकेकाले मिसन ०८४ भनेर एमालेले नकुर्ने भन्दै मध्यावधिको समेत संकेत गर्दै आएका छन् ।

स्थायी समिति सदस्य तथा प्रचार एवं प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले १५ माघभित्र बस्ने केन्द्रीय सचिवालय बैठकले आन्दोलनको एजेन्डा पास गरेपछि तयारीको चरण अगाडि बढ्ने बताए । 'सचिवालयले कार्यसूची बनाएपछि केन्द्रीय कमिटीको बैठकको मिति तय हुन्छ, त्यो बैठकले नै आन्दोलनको व्यवस्थित कार्ययोजना पास गरेपछि माघभित्रै कार्यक्रम घोषणा हुन्छ,' गौतमले नयाँ पत्रिकासँग भने, 'सरकारको असफलताले मुलुक अराजकता र अनिश्चयको दिशातिर अगाडि बढेको मात्रै छैन, कतिपय कोणबाट लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठिरहेका कारण हामी संसद् र सडक दुवैतिरबाट ध्यानाकर्षण गराउने गरी अघि बढ्दै छौं ।'

एकवर्षे कार्यकालको समीक्षा गर्दै एमालेले सरकारले सुशासन दिन नसकेको, विकास बजेट काटिँदा विकासको काम ठप्प भएको, अर्थतन्त्र संकटको दिशातिर गएको र सेवाप्रवाहमा असफल भएकाले गठबन्धन भत्किनुपर्ने निष्कर्ष निकालेको छ । सरकारको कामका विषयमा पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएकाले आन्दोलन गर्ने परिस्थिति निर्माण भएको उसको बुझाइ छ ।

गठबन्धन भत्काउन एमालेले राष्ट्रिय सभा निर्वाचनको उम्मेदवारीमै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र काग्रेस सभापति शेरबहादुर देउवासँग सहकार्यका लागि छुट्टाछुट्टै प्रस्ताव राखेको थियो । संक्रमणकालीन न्याय टुंगो लगाउन एमालेको साथ खोजेका प्रधानमन्त्री प्रचण्ड गठबन्धनको दबाबमा पछि हटेपछि एमाले-माओवादी सहकार्यको सम्भावना टरेको थियो ।

एमालेले गठबन्धन भत्काएर नयाँ कोर्स सुरु गर्नकै लागि आन्दोलन सुरु गर्न लागेको प्रस्ट पारेको छ । 'अहिले गठबन्धनभित्र संकट छ, जति दिन यो गठबन्धन रहन्छ, देशमा त्यति नै धेरै राष्ट्रिय संकट निम्तिन्छ, त्यसैले यो गठबन्धन भत्काउनु, टुटाउनु, कमजोर बनाउनु, नयाँ गठबन्धन बनाउनु प्रतिपक्षको धर्म नै हो,' प्रचार विभाग प्रमुख गौतमले भने, 'त्यसैले हाम्रो अहिलेको ध्येय सत्तारुढ गठबन्धन भत्काउने र नेपाली राजनीतिलाई नयाँ कोर्सबाट समाजवादी यात्रामा लैजाने नै हो ।'

गबठन्धनको प्रमुख खेलाडी काग्रेस सभापति देउवाको रोडम्यापअनुसार प्रधानमन्त्री प्रचण्ड अगाडि बढेसम्म गठबन्धन नटुट्ने बुझाइ भए पनि पछिल्ला दिनमा गठबन्धनभित्र संकट सुरु भएको एमालेको बुझाइ छ । जसपा र जनमत पार्टीबीचको टकराव, नेकपा एसको असन्तुष्टि, काग्रेसभित्र देउवा र शेखर कोइराला समूहबीचको असन्तुष्टि, माओवादीभित्र मन्त्री हेरफेरका लागि बढिरहेको दबाबले गर्दा कुनै पनि वेला नयाँ गठबन्धन बन्न सक्ने कुरालाई एमालेले नजिकबाट नियालेको छ ।

त्यसअनुसार अध्यक्ष ओली कांग्रेस नेता शेखर कोइरालासँग निरन्तर सम्पर्कमा छन् । यसैबीचमा ओलीले रास्वपाका अध्यक्ष रवि लामिछानेसँग भेटवार्ता गरेका छन् भने उपाध्यक्ष विष्णु पौडेलसँग माओवादी नेताहरू वर्षमान पुन, जनार्दन शर्मालगायत पनि निरन्तर सम्पर्कमा छन् ।

गठबन्धन टुटाउन नसके मुलुकलाई मध्यवधितिर लैजाने एमालेको अर्को योजना छ । अध्यक्ष ओलीले पनि जनताको बलमा निर्णायक आन्दोलन गरेर मिसन ८४ अगावै देशलाई निकास दिने गरी मध्यावधि निर्वाचनमा लैजानुपर्ने अवस्था आउन सक्ने भन्दै तयार रहन कार्यकर्तालाई निर्देशन दिँदै आएका छन् । 'देश अप्ठ्यारो स्थितिमा छ, सबैतिरबाट देश जोगाउनुपर्नेछ, यस्तै अवस्था रहिरहे हामीले मिसन ०८४ भनेर पर्खिन नसक्ने स्थिति आउन सक्छ । देश बर्बाद हुन लाग्यो भने कहाँ ८४ को चुनाव भनेर पर्खेर बसेर हुन्छ । उस्तै परे हामीले गठबन्धन भत्काएर... तर लोभीपापीहरू नभत्किन सक्छन्,' ओलीले भनेका छन्, 'यिनीहरू सबैको घाँटी, शरीर एकैठाउँ जोडिएको छ । यी एकै भ्रष्टचारी वंशका, कमिसनतन्त्रीय वंशका हुन्, निकम्मा गोत्रका, देशद्रोही जातका हुन् । त्यसैले, हामीले जनताको बलमा आन्दोलनमा उत्रिनुपर्ने आवश्यकता छ ।'

उनले केही दिनकै तयारीमा निर्णायक लडाइँका लागि पार्टीले आन्दोलनको आह्वान गर्न सक्नेतर्फ ध्यानाकर्षण गराउँदै तयारी अवस्थामा रहन पनि कार्यकर्तालाई निर्देशन दिए । 'आन्दोलनका निम्ति पार्टीले जति वेला सिठी बजाउँछ, त्यति वेलै मैदानमा दौडिएर पुग्ने गरी तयारी गर्नुपर्छ । तीन दिनको छोटो तयारीमा राष्ट्रिय आन्दोलनको तयारीमा उत्रिनुपर्ने हुन सक्छ । यो मानसिकताका साथ हामी जानुपर्छ,' ओलीले भने, 'उनीहरूले हामीमाथि जस्तोसुकै प्रहार गर्न सक्ने स्थिति छ । अहिले हामी निर्णायक लडाइँ लडिरहेका छौं, उनीहरू एक्लै हामीसँग कोही लड्न सक्दैन भनेर आतंकित छन् ।'

मंगलबार प्रधानमन्त्री प्रचण्डलाई ओलीको ज्ञापनपत्र

एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाउने भएको छ । अध्यक्ष केपी शर्मा ओलीसहित पदाधिकारीहरू सम्मिलित टोलीले मंगलबार प्रचण्डलाई भेटेर जनताको समस्या र सरकारले गर्नुपर्ने कामका विषयमा ध्यानाकर्षण गराउन लागेको हो । झुलाघाट-चिवाभञ्ज्याङ यात्राका क्रममा जनस्तरबाट आएका सुझाव, माग र समस्या समेटेर ध्यानाकर्षण बुझाएर सातवटै प्रदेशमा सभा गरेर पूरा गर्न अल्टिमेटम दिने र जनदबाब बढाएर आन्दोलन नै गर्ने एमालेको तयारी छ । अभियान समापनपछि पत्रकार सम्मेलन गरेर एमालेले जनताको माग र समस्या सम्बोधनका लागि आन्दोलनमा जानसमेत तयार रहेको प्रस्ट्याएको थियो ।

अयोध्यामा...

पृष्ठ १ बाट क्रमशः

विनयको क्षण भएको टिप्पणी गरे । 'आज भारतीय समाजको परिपक्वताको क्षण हो । यो सामान्य समय होइन, आजको दिन नयाँ कालचक्र लामो समयसम्म रहने अमिट स्मृति रेखा हो,' उनले भने, 'प्रभु श्रीराम भारतीयहरूको मात्र नभएर सबैका हुन् । राम वर्तमानका लागि मात्र होइनन्, युगौंसम्मका लागि हुन् ।'

मोदीले राम मन्दिर अब विकसित भारतको उत्कर्ष र उदयको साक्षी बन्ने पनि उद्घोष गरे । 'यो भारतको दृष्टि, दर्शन र दिग्दर्शनको मन्दिर हो,' उनले भने, 'यो रामको रूपमा राष्ट्र चेतनाको मन्दिर हो । अयोध्यामा साक्षात् भारतीय संस्कृतिप्रति अटुट विश्वास, मानवीय मूल्य र सर्वोच्च आदर्शको प्राणप्रतिष्ठा हो । आजको दिन भारतको सांस्कृतिक पुनर्जागरणको आध्यात्मिक अनुष्ठान हो ।' उनले भारत मात्र नभएर पूरै भारतवर्ष राममय भएको पनि बताएका छन् ।

उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथले सांस्कृतिक समृद्धिको नवअध्यायको शुभारम्भ भएको बताए । 'आज जीवन धन्य भयो । शताब्दीयौंदेखिको प्रतीक्षा, प्रण र प्रार्थनाले आज श्रीरामको प्राणप्रतिष्ठाका साथ पूर्णता पाएको छ,' राम मन्दिरपरिसरमा सम्बोधन गर्दै मुख्यमन्त्री आदित्य नाथले भने, 'हाम्रा पिँढीहरूको संघर्ष र उहाँहरूको संकल्प पूरा भएको छ ।'

उनले अयोध्यालाई आधुनिक स्थान बनाउने उद्घोष गरे । 'सांस्कृतिक, आयुष्मान, स्वच्छ, सक्षम, सुरम्य, सुगम्य, दिव्य र भव्य अयोध्याका रूपमा यो ठाउँको विकासका लागि हामी हजारौं करोड खर्च गरिरहेका छौं । हामी अयोध्यालाई आधुनिक नगरी बनाउनेछौं,' मुख्यमन्त्री योगीले भने । उनले राम मन्दिरको संघर्षका दुई संगठन राष्ट्रिय स्वयंसेवक संघ र विश्व हिन्दु परिषद्को पनि प्रशंसा गरे ।

प्रधानमन्त्री मोदी ११ दिनसम्म अन्न नखाई चार राज्यका सात मन्दिरको दर्शन गरेपछि अयोध्यामा प्राणप्रतिष्ठामा सहभागी भएका हुन् । वैदिक विधिपूर्वक प्राणप्रतिष्ठा समारोह आयोजना भएको थियो । भारतीय वायु सेनाको हेलिकोप्टरले आकाशबाट पुष्पवृष्टि गरेको समारोहमा भारतका विभिन्न सामाजिक जीवनका अगुवाहरू सहभागी थिए ।

राम मन्दिरको गर्भगृहमा राष्ट्रिय स्वयंसेवक संघ(आरएसएस)का प्रमुख डा. मोहन भागवत्, उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथ, उत्तरप्रदेशका राज्यपाल आनन्दीवेन पटेल सहभागी भएर पूजा गरेका थिए । समारोहमा नेपालसहित विश्वभरबाट साधुसन्तलाई निमन्त्रणा गरिएको थियो । समारोहमा सात हजारजना सहभागी भएका थिए । यद्यपि, नेपाल सरकारलाई भने राम जन्मभूमि ट्रस्टले निमन्त्रणा पठाएन ।

यसैबीच, अयोध्यामा राम मूर्तिको प्राणप्रतिष्ठा भएको दिन सोमबार नेपालभरि मठमन्दिरहरूमा दीपोत्सव तथा विभिन्न कार्यक्रम आयोजना भएको छ । विश्व हिन्दु परिषद् नेपालको आयोजनामा जनकपुरमा सवा लाख दीप जलाइएको छ । परिषद्को आयोजनामा पशुपतिनाथ मन्दिरमा शंखनाद कार्यक्रम आयोजना भयो भने विराटनगर, पोखरा, वीरगन्जलगायतका सहरमा मोटरसाइकल च्याली र दीपोत्सव भएको परिषद्का महासचिव जितेन्द्रकुमार सिंहले जानकारी दिए ।

पूर्वराजदूत भन्छन्- नेपाललाई अवसर

भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्यायले राम मन्दिरको प्राणप्रतिष्ठा भएसँगै अयोध्याको विकास तीव्र गतिमा हुने भन्दै यसबाट नेपाल पनि लाभान्वित हुने अवसर आएको बताए । 'अयोध्या र जनकपुरधामको सांस्कृतिक, आध्यात्मिक, धार्मिक सम्बन्धलाई सुदृढ गर्दै नेपालले धार्मिक पर्यटन विकासमा मेहनत गर्नुपर्ने समय आएको छ,' उपाध्यायले भने, 'अब पर्यटनमा अयोध्या धेरै माथि आउँछ । विवादको न्यायिक निरूपणपछि अयोध्याको द्रुत विकास हेर्दा यसले हाम्रा लागि पनि सम्भावना उजागर गरेको छ । तर, नेपालले चुप लागेर होइन, मेहनत गरेर मात्रै लाभ लिन सक्छ ।'

रामायण सर्किट, पूर्वाधार, चार लेनको सडक, पूर्वाधारका लागि नेपालले योजनाबद्ध प्रयास गर्नुपर्ने उनको सुझाब छ । भारतका लागि पूर्वराजदूत डा. दुर्गेशमान सिंहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणपछि जनकपुरले थप चर्चा पाएको र अयोध्याको राम मन्दिरले जनकपुरलाई पनि फाइदा पुग्ने बताए । 'भारतमा जनकपुरप्रति रुचि राख्ने मानिसहरू छन् । हामीले रेल, रोड, पूर्वाधार, होटेलको गुणस्तर बढाउनुपर्छ र भारतीय तीर्थयात्रीलाई आकर्षित गर्नुपर्छ,' उनले भने, 'हामीले धार्मिक पर्यटनमा ठूलो फड्को मार्ने अवसर आएको छ । यसको सदुपयोग गर्नुपर्छ । किनभने अब सीताको जन्मस्थल जनकपुरमा मानिसहरूको रुचि बढ्नेछ ।'

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित क्रेडिट कार्ड (Credit Card) प्रयोगकर्ताहरूलाई ऋणकर्जा सुविधा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको क्रेडिट कार्ड (Credit Card) कर्जा सुविधाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जा सुविधाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

(भक्तपुर शाखा)

१. श्री पूर्ण कुमार तुकंवन्जारको नाती, पुन्यराम तुकंवन्जार/लक्ष्मी तुकंवन्जारको छोरा, रमिता सुवालको पति भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. २ (साबिक भक्तपुर न.पा., वडा नं.१५) बस्ने **रञ्जन तुकंवन्जार** (ना.प्र.नं. २९-०१-०६४-०११८५, जारी मिति २०६४/०९/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर) ।

(कोहलपुर, शाखा)

१. राम चन्द्र शर्माको नाति, प्रमोद खनाल/जानुका खनालको छोरा, बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. १० बस्ने **सोभन हमाल** (ना.प्र.नं. ६६१०१३/२६५६, जारी मिति २०६८/०४/१०, जिल्ला प्रशासन कार्यालय बाँके) ।

(टंगल, ललितपुर शाखा)

१. गणेश बहादुर घिसिङको नाति, हिरा लाल घिसिङको छोरा, तारा घिसिङको पती, मकवानपुर जिल्ला, ईन्द्रसरोवर गा.वि.स वडा न. ०१, स्थाही ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा न. ०७ बस्ने **जिवन घिसिङ** (ना.प्र.नं. ३११०३१/६५३९०, जारी मिति २०६६/०७/२४, जिल्ला प्रशासन कार्यलय, मकवानपुर ।

(नक्साल शाखा)

१. टिका प्रसाद अधिकारी/बेलकुमारी अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारी/इन्द्र कुमारी अधिकारीको छोरा, कमला काकीको पति, काठमाण्डौ जिल्ला, आलापोट गा.वि.स. वडा नं. ०२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०२ बस्ने **नवराज अधिकारी** (ना.प्र.नं. २७३००९/१६१, जारी मिति २०६३/१०/२२, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ) ।

(बुढानिलकण्ठ शाखा)

१. चन्द्र प्रसाद चौलागाईको नाति, हरि प्रसाद चौलागाई/कमला चौलागाईको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पोखरीचौरी गा.वि.स, वडा नं. ०५, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १०, बस्ने **सुमन चौलागाई** (ना.प्र.नं. ३०१४६, जारी मिति २०७०/०१/१०, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक) ।
२. कृष्ण ढुङ्गेलको नाति, अर्जुन ढुङ्गेल/माया देवी ढुङ्गेलको छोरा, रामेछाप जिल्ला, दोरम्बा गा.वि.स, वडा नं. ०६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १२, बस्ने **सहदेव ढुङ्गेल** (ना.प्र.नं. २१-१३-७२-००५३७, जारी मिति २०७२/०२/०५, जिल्ला प्रशासन कार्यालय रामेछाप) ।
३. चन्द्र प्रसाद गौतमको नाति, हरि प्रसाद गौतम/धन माई गौतमको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पोखरीचौरी गा.वि.स, वडा नं. ०७, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १२, बस्ने **विरेन्द्र गौतम** (ना.प्र.नं. ३०-०१-७१-०७०७२, जारी मिति २०७१/०८/०२, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक)।

(बिराटनगर शाखा)

१. झाडु राय/सालु देवी गनगाईको नाति, चमरु राय/संरिता देवी गनगाईको छोरा, सकुन्तला कुमारी मण्डलको पति, मोरङ जिल्ला, धनपालथान गा.पा. वडा नं.०२, (साबिक मोरङ जिल्ला, अमाही बरियाती गा.वि.स., वडा नं.०४) बस्ने **विनय कुमार राय** (ना.प्र.नं. ०५३००२/०८३, जारी मिति २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय मोरङ) ।
२. कारेलाल गनगाई/कलमी देवी मण्डलको नाति, शिव दयाल मण्डल/गिता देवी मण्डलको छोरा, मोरङ जिल्ला, जहदा गा.पा. वडा नं.०५ बस्ने **विकास कुमार मण्डल** (ना.प्र.नं. ०५-०१-७४-०४६६७, जारी मिति २०७४/०४/१८, जिल्ला प्रशासन कार्यालय मोरङ) ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

प्रधान कार्यालय (कार्ड शाखा) फोन नं. ०१-४४४५५०१

बीमालेखको बोनस दर सम्बन्धी सूचना

यस कम्पनीको आ.व. २०७८/२०७९ को आर्थिक स्थितीको लेखा जोखा र दायित्वको मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणको मिति २०८०/१०/०३ को पत्र 'जो.व्य.शा. ४९ (२०८०/८१) च.नं. ४४४३' बाट स्वीकृत भई आएको व्यहोरा जानकारी गराउँदछौं । यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेखहरु अन्तर्गत आ.व.२०७८/२०७९ का लागि प्रति वर्ष प्रति हजार बीमाइमा उल्लेखित बोनस दर निर्धारण गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

बीमालेखको किसिम	बीमा अवधि (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
सावधिक जीवन बीमालेख (सुरक्षित जीवन, जीवन ज्योति, ग्रामिण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा, जीवन लक्ष्मी, अनमोल जीवन, जीवन उदय एकल)	०-१०	६०	३५,१४२
	११-१५	६०	२६९,५१८
	१६-२०	६०	१३७,७६२
	२१-२५	७०	१९,२९२
	२६-३०	८२	२,१९४
	३० भन्दा माथि	८२	११७
सावधिक जीवन बीमालेख (नौलो सुरक्षित, नौलो केटा केटि जीवन बीमा)	०-१०	६५	२,३५८
	११-१५	६५	३३,६२२
	१६-२०	६५	२२,८८३
	२१-२५	७२	५,८४८
	२६-३०	८२	३९०
	३० भन्दा माथि	८२	६४
सावधिक जीवन बीमालेख (जीवन समुन्नत)	०-१०	५६	६५
	११-१५	५६	१,०५०
	१६-२०	५६	४८०
	२१-२५	६०	२२४
	२६-३०	७०	४०
	३० भन्दा माथि	७०	०
सावधिक तथा आजीवन बीमालेख (जीवन साहारा)	०-१०	६०	६,५०१
	११-१५	६०	१२१,३४८
	१६-२०	६०	४०,८९०
	२१-२५	७०	१८,३३७
	२६-३०	८२	२,०४८
	३० भन्दा माथि	८२	५७
अग्रिम भुक्तानी सावधिक बीमालेख (जीवन सम्बृद्धि)	१५	५०	२७,८६६
	२०	५०	३,३१५
अग्रिम भुक्तानी सावधिक बीमालेख (धन वर्षा-१५ वर्ष, धन वर्षा-२० वर्ष, नौलो जीवन सम्बृद्धि, नौलो धन वर्षा, जीवन उन्नती, छोराछोरी र सदावहार जीवन)	०-१०	५०	१,३९०
	११-१५	५०	३०,७४५
	१६-२०	५०	११,०६१
	२१-२५	५०	३७५
	२६-३०	५०	०
	३० भन्दा माथि	५०	०
अन्य (जीवन सारथी)	०-१०	६२	०
	११-१५	६२	१०,२४८
	१६-२०	६२	३,०१०
	२१-२५	७२	२,५३६
	२६-३०	८५	३२७
	३० भन्दा माथि	८५	०

कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभएसम्मका लागि अन्तरिम बोनस दर उपरोक्त बमोजिम कायम गरिएको जानकारी गराउँदछौं । कम्पनीको यस सफलताका लागि हामी हाम्रा आदरणिय बीमित, प्रतिवद्ध अभिकर्ता, शेयरधनी महानुभाव, कर्तव्यनिष्ठ कर्मचारी, श्री नेपाल बीमा प्राधिकरण, सरोकारवाला निकाय एवं शुभेच्छुकहरुमा हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
जिवनभरि जीवन अमुल्य छ...

रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बर: ४७७-१-५४७०५७१
इमेल: info@nepallife.com.np
वेवसाइट: www.nepallife.com.np

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

बोलपत्र आव्हान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८०।१०।०९

यस नगरपालिकाबाट संचालन हुने तपसिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिनेछ।

तपसिल:

S. No.	Contract Identification No.	Name of Project	Bid security amount NRs.	Bid document fee (Non - refundable) NRs.
1	Patching Works/GW/NCB/06/ 2080-81	Potholes Patching work of Kageshwori Manohara Municipality Roads	2,60,000.00	3000.00

प्रमुख प्रशासकीय अधिकृत

विदेशमा रहेका नेपालीलाई मताधिकार दिनेबारे दलहरू विभाजित

०८४ को निर्वाचनमा मताधिकार पाउनुपर्ने प्रवासी नेपालीको माग

कमलराज भट्ट/नयाँ पत्रिका

अध्ययन र वैदेशिक रोजगारी वा अन्य उद्देश्यले विदेशमा रहेका नेपाली नागरिकलाई ०८४ को निर्वाचनमा मतदानको अधिकार दिने विषयमा दलहरू विभाजित देखिएका छन्। निर्वाचन आयोगले गत १८ असारमा विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने प्रस्तावसहित एकीकृत निर्वाचन कानुनको मस्यौदा गृह मन्त्रालयलाई बुझाएको थियो। गृहले मस्यौदामा आवश्यक गृहकार्य गरिरहेका बेला दलहरू आगामी आमनिर्वाचनमा यसलाई कार्यान्वयनमा लैजाने कि नलैजाने भन्नेमा विभाजित भएका हुन्।

कांग्रेस, माओवादी, एकीकृत समाजवादीलगायत दलहरू आर्थिक र प्राविधिक क्षमता तथा स्रोतका हिसाबले तत्कालै प्रवासी नेपालीलाई मतदानमा सहभागी गराउन चुनौती रहेको तर्क गरिरहेका छन्। एमाले, रास्वपा, राप्रपालगायत विपक्षी दलहरूको धारणा स्रोत-साधनको प्रतिकूलता देखाएर संविधानले नै ग्यारेन्टी गरेको विदेशमा रहेका नेपालीको मतदानको अधिकार कुण्ठित गर्न नहुने भन्ने छ।

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सोमबार दलका नेताहरूसँग गरेको छलफलमा प्रवासी नेपालीको मताधिकार विषयमा फरक-फरक धारणा आएको हो। एमाले उपाध्यक्ष विष्णु पौडेलले राज्यका निकायको अनुमतिमा अध्ययन र श्रमका निम्ति गएका नेपालीले मताधिकार पाउनुपर्ने बताए। देशको आर्थिक अवस्था र प्राविधिक विषय देखाएर विदेशमा रहेका नेपालीको मताधिकार कुण्ठित गर्न नपाइने उनको भनाइ थियो। प्रवासमा रहेका नेपालीको लगानी र पुँजी चाहिने, तर उनीहरूको मताधिकार कानुनी तथा आर्थिक पक्ष देखाएर वञ्चित गर्न नमिल्ने पौडेलले जिकिर गरे। 'देशभित्र जसरी मतदाताले मतदान गर्न पाउँछ, त्यसरी नै समान ढंगले प्रतिनिधि चुन्ने र चुनिन पाउने व्यवस्था गर्नुपर्छ। स्रोत भएन, प्रविधि भएन भन्ने नाममा प्रवासमा भएका नेपालीलाई वञ्चित गर्न मिल्दैन,' उनले भने।

पौडेलले नेपालमा पहिलोपटक संसद्ले कानुनसरह प्रवासी नेपालीहरूलाई मताधिकार छ, हुन्छ भनेर ०७३/७४ को बजेटमार्फत स्वीकार गरेको स्मरण पनि गराए। '०७३ को बजेट संसद्बाट पारित भइसकेपछि ०७४ कै निर्वाचनमा प्रवासी नेपालीले मतदान गर्न पाउनुपर्थ्यो। तर, त्यसयता आवश्यक कानुन बनाउने र पूर्वतयारी गर्ने काम हुन सकेको छैन। ०७९ मा पनि भएन। ०८४ मा पनि हुन्छ कि हुँदैन थाहा छैन,' उनले भने। उपयुक्त मोडालिटी तय गरेर ०८४ को चुनावमा मतदानको व्यवस्था मिलाउन उनले सरकारको ध्यानाकर्षण गराए। कानुनमा समानुपातिकतर्फ मात्रै मतदान गर्न पाउने प्रस्ताव गरिएकोमा पौडेलले यो मान्य नहुने बताए।

● **विष्णु पौडेल**, उपाध्यक्ष, एमाले



देशभित्र जसरी मतदाताले मतदान गर्न पाउँछ, त्यसरी नै समान ढंगले प्रतिनिधि चुन्ने र चुनिन पाउने व्यवस्था गर्नुपर्छ। स्रोत भएन, प्रविधि भएन भन्ने नाममा प्रवासमा भएका नेपालीलाई वञ्चित गर्न मिल्दैन।

● **राधेश्याम अधिकारी**
कांग्रेस नेता एवं पूर्वसांसद



प्रवासमा रहेका नेपालीलाई तत्कालै मतदानमा सहभागी गराउन व्यावहारिक रूपमा सम्भव छैन। कानुनी र व्यवस्थापकीय पाटोबाट टुंग्याएपछि मात्रै यसलाई लागू गर्न सकिनेछ। प्राविधिक दक्षता र आर्थिक स्थायित्वको कुरा पनि हेर्नुपर्छ। यो तत्कालै हुन सक्ने देखिँदैन। यी कुरालाई ख्याल गर्नुपर्छ।

● **राजेन्द्र पाण्डे**, उपाध्यक्ष, एकीकृत समाजवादी



प्रवासी नेपालीलाई मतदानको अधिकार दिने कुरा बेठीक होइन। तर, हाम्रो देशको परिस्थितिले धान्न सक्दैन। देशभित्रै भोटर लिस्टअनुसार निर्वाचन गराउन कठिन छ। इलेक्ट्रोनिक इभिएम प्रणाली विश्वसनीय नभएको भनेर हामीले धेरै छलफल गरेर कठिनाइ छ भनेर रोकिएका हौं।

कांग्रेस नेता एवं पूर्वसांसद राधेश्याम अधिकारीले प्रवासमा रहेका नेपालीलाई तत्कालै मतदानमा सहभागी गराउन व्यावहारिक रूपमा सम्भव नभएको बताए। यद्यपि, प्रवासी नेपालीले मतदानको अधिकार पाउनुपर्ने उनको भनाइ थियो। अधिकार दिँदा परिणामको परिकल्पना गरेर आउँछ भनेर राजनीति गर्न नहुनेमा जोड दिँदै उनले कानुनी र व्यवस्थापकीय पाटोबाट टुंग्याएपछि मात्रै यसलाई लागू गर्न सकिने धारणा राखे। 'प्राविधिक दक्षता र आर्थिक स्थायित्वको कुरा पनि हेर्नुपर्छ। यो तत्कालै हुन सक्ने देखिँदैन। यी कुरालाई ख्याल गर्नुपर्छ,' उनले भने।

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले गैरआवासीय नेपालीलाई तत्कालै मतदानको अधिकार दिन व्यावहारिक नभएको बताए। यो विषयमा लामो समय काम गरेको उल्लेख गर्दै उनले भने, 'प्रवासी नेपालीलाई मतदानको अधिकार दिने कुरा बेठीक होइन। तर, हाम्रो देशको परिस्थितिले धान्न सक्दैन। देशभित्रै भोटर लिस्टअनुसार निर्वाचन गराउन कठिन छ। इलेक्ट्रोनिक इभिएम प्रणाली विश्वसनीय नभएको भनेर हामीले धेरै छलफल गरेर कठिनाइ छ भनेर रोकिएका हौं।'

माओवादी सांसद माधव सापकोटाले प्रवासी नेपालीलाई मतदानको अधिकार दिन कुनै समस्या नभएको बताए। तर, भावनामा बहेर मात्रै नहुने व्यवहारमा कार्यान्वयनयोग्य बनाउन समय लाग्ने बताए। 'तपाईंहरूलाई मताधिकार दिँदा साइज घट्छ भनेर हामी डराएको छैनौं। कामले मन जित्ने हो,' उनले भने।

रास्वपा सांसद गणेश पराजुलीले राजनीतिक नेतृत्वले युवाहरूलाई बिदेसिन बाध्य पार्ने र वृद्ध र बालकमाथि दूषित राजनीतिक गरिरहेकाले बिदेसिएका युवालाई नागरिकताबाट वञ्चित गरेको आरोप लगाए। अबको चुनावमा प्रवासी नेपालीले मतदान गर्न पाउने सुनिश्चितता गर्नुपर्ने उनको भनाइ थियो।

राप्रपा सांसद ध्रुवबहादुर प्रधानले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन ढिलाइ भएको बताए। एमाले सचेतक महेश बर्तौलाले प्रवासी नेपालीलाई ०८४ मा मताधिकार दिनुपर्ने बताए। '०८४ मा मताधिकार दिने कुरामा हाम्रो पार्टी प्रस्ट छ। बाहिर रहेका नेपालीलाई मतदानको अधिकार दिनुपर्छ,' उनले भने।

एकीकृत समाजवादी सचिव रामकुमारी झाँक्रीले प्रवासी नेपालीलाई मतदानको अधिकार दिनुपर्ने, तर अहिले नै लागू गर्न व्यावहारिक रूपमा सम्भव नभएको जिकिर गरिन्। 'राज्यले नै कार्यान्वयन गर्नुपर्ने कुरा हो। तर, देशको आर्थिक अवस्था, क्षमता र प्राविधिक अवस्थाले तत्कालै अप्ठ्यारो छ,' उनले भनिन्।

गैरआवासीय नेपाली संघका उपाध्यक्ष डा. हेमराज शर्माले विदेशमा रहेका लाखौं नेपालीलाई ०८४ को चुनावमा मतदान गर्न पाउने सुनिश्चित गर्न दलहरूलाई अनुरोध गरे। ४७ लाख नेपाली श्रम स्वीकृत लिएर गएको र अन्य विद्यार्थी भिसा तथा अवसरको खोजीमा गएको भन्दै उनले आगामी निर्वाचनमा भोटिङ गर्न पाउने गरी कानुनी र प्राविधिक पाटो व्यवस्थापन गर्न माग गरे। कानुनमा अनलाइन भोटिङको प्रस्ताव गरिएको भन्दै शर्माले अनलाइन पद्धति नै प्रभावकारी हुने बताए।

निर्वाचन आयोगले गृहमा बुझाएको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदाको दफा २०४ मा विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकका लागि तोकिएको नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्ने भनिएको छ। साथै, त्यस्ता मतदाताले प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा तोकिएबमोजिम मतदान गर्न सक्ने प्रस्ताव आयोगको छ।

उत्तीर्ण सेवाग्राहीलाई तुरुन्तै सवारी लाइसेन्स दिन प्रधानमन्त्रीको निर्देशन

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले फाराम भरेर परीक्षासमेत उत्तीर्ण गरेका सेवाग्राहीलाई तुरुन्तै लाइसेन्स दिने व्यवस्था मिलाउन निर्देशन दिएका छन्। राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र र राहदानी सेवालाई थप व्यवस्थित बनाउनेबारे तालुक मन्त्रालय तथा मन्त्री, सचिव र सम्बन्धित विभागका प्रमुखहरूसँग सोमबार छलफल गरेर प्रधानमन्त्रीले यस्तो निर्देशन दिएका हुन्।

१४ लाख सेवाग्राहीले सवारीचालक अनुमतिपत्र फाराम भरेर परीक्षासमेत उत्तीर्ण गरिसक्दा पनि लाइसेन्स नपाउनु गम्भीर विषय भएको बताउँदै प्रचण्डले ती सेवाग्राहीलाई तत्काल लाइसेन्स उपलब्ध गराउन यातायात व्यवस्था विभागलाई निर्देशन दिए। अहिलेको युग प्रविधिको भएको भन्दै अब एकीकृत प्रविधिमा केन्द्रित भएर परिणाम दिनुपर्ने उनको भनाइ थियो। यसका लागि राज्यका संयन्त्रहरूले एकीकृत र समन्वयात्मक भएर योजनाबद्ध रूपमा काम गर्नुपर्ने उनले बताए।



'१४ लाख युवाले फाराम भरेर पनि लाइसेन्स पाएका छैनन्। उनीहरूलाई लाइसेन्स दिने काम तपाईंहरूको हो। त्यसका लागि नीति र बजेटमा अभाव भए त्यसको समाधान म खोज्छु,' प्रचण्डले भने, 'काम तपाईंहरूले नगर्ने गालीचाहिँ मैले खाने भइरहेको छ। लाइसेन्स नपाएका युवाले सरकार खत्तम देख्छन्। प्रधानमन्त्रीको आलोचना गर्छन्। तर, काम नगरेको प्रधानमन्त्रीले होइन, विभागले हो भन्ने बुझ्दैनन्। त्यो बुझ्ने कुरा पनि भएन नि। लाइसेन्स पाउने उनीहरूको अधिकार हो। यसमा लापरबाही नगर्नुस्।'

आफू प्रधानमन्त्री भएलगत्तै सेवा प्रदायक कार्यालयका लामालामा लाइन हटाउने प्रतिबद्धता गरेकामा एक वर्षको अवधिमा देखिने गरी सुधार भए पनि पूरै सुधार नभएको भन्दै उनले यसमा गम्भीर हुन सचेत गराए। ससाना प्राविधिक समस्या सुल्झाउन पनि विदेशीहरू नै बोलाउनुपर्ने स्थिति रहेको भन्दै उनले देशलाई आवश्यक पर्ने जनशक्ति योजनाबद्ध तरिकाले उत्पादन गर्नमा ध्यान दिनुपर्ने बताए।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सेवाप्रदायक कार्यालयहरूले उच्च प्रविधिको प्रयोगमार्फत शीघ्र सेवाप्रवाह गर्न प्रधानमन्त्रीको चासो र दिएको निर्देशनलाई गम्भीर रूपमा लिई कार्यसम्पादन गर्न निर्देशन दिए। मुख्यसचिव डा. वैकुण्ठ अर्यालले एकीकृत डाटा प्रणालीका लागि सेवाप्रदायक परामर्शदातासँग अन्तर्क्रिया आवश्यक रहेको बताउँदै विद्यमान डाटा प्रणालीलाई व्यवस्थित गरी सकेसम्म छिटो, प्रभावकारी र एकीकृत सेवा प्रवाह गर्नुपर्ने बताए।

क्रिप्टो र हुन्डी कारोबारमा परिवार नै संलग्न

काठमाडौं/ दुई खर्ब ८६ अर्ब रुपैयाँबराबरको क्रिप्टो तथा हुन्डी कारोबार गर्ने गिरोहमा परिवार नै संलग्न रहेको दाबी गरी प्रहरीले मुद्दा दायर गरेको छ। काठमाडौंको बागबजारका रुपेश श्रेष्ठ नेतृत्वको गिरोहमा उनका परिवारका अन्य सदस्यको समेत संलग्नता रहेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जनाएको छ। रुपेश, उनकी श्रीमती रचना शर्मा, भाइ दिपेश श्रेष्ठ, भान्जा अंशुल श्रेष्ठलाई प्रतिवादी बनाएर मुद्दा दायर भएको हो। रपेशका अर्का भान्जा आयुष श्रेष्ठको समेत कारोबारमा संलग्नता पुष्टि भए पनि ठेगाना प्रस्ट हुन नसकेको भन्दै उनलाई प्रतिवादी बनाइएको छैन। उनीहरूमध्ये दिपेश र अंशुल अमेरिकामा बसेर नेपालमा हुन्डी र क्रिप्टो कारोबारमा संलग्न रहेको दाबी गरिएको छ।

आइतबार जिल्ला अदालत काठमाडौंमा दायर गरेको मुद्दामा १७ जनालाई प्रतिवादी बनाइएको छ। जसमध्ये रुपेशसहित पाँचजना पक्राउ परेका छन्। रुपेशसहित आशिष अग्रवाल, मीनबहादुर जिसी, कुमार परियार र भनीन्द्रप्रसाद खतिवडालाई प्रहरीले पक्राउ गरेको हो। १२ जनालाई फरार प्रतिवादी बनाइएको छ। भारतीय नागरिक विमल पोद्दारसहित नुवाकोटका शरद भट्टराई, धादिङका वीरेन्द्र मगर, सुनसरीका बिगलसिंह शर्मा, सिन्धुलीका ओमकुमार श्रेष्ठ, स्याङ्जाका दीपक शर्मा, रामेछापका वङ्देन फुन्सोक लामा, नवलपरासीका गोविन्द श्रेष्ठ र रामेछापका रुदे तामाङलाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ। गिरोहका नाइकेमध्ये एक भारतीय नागरिक पोद्दार हुन्।

सहकारीपीडितको पैसा ब्याजसहित फिर्ता गरिदिन जिबी राईलाई रविको आग्रह



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सहकारीको अर्बौं रकम अपचलनको आरोपपछि फरार रहेको ग्यालेक्सी फोरके टिभीका सञ्चालक गितेन्द्रबाबु राई (जिबी)लाई तत्काल पक्राउ गर्न माग गरेका छन्। सोमबार पार्टी कार्यालयमा पत्रकार सम्मेलन गर्दै उनले जसरी हुन्छ सहकारीपीडितको पैसा फिर्ता गराउन सरकारले सक्रियता देखाउनुपर्ने बताए।

लामिछानेले राईलाई समेत तत्काल सार्वजनिक भएर पीडितको पैसा जस्ताको त्यस्तै ब्याजसहित फिर्ता गरिदिन आग्रह गरे। 'अहिले जति पनि सहकारीपीडित हुनुहुन्छ, चाहे पोखरामा या चितवनमा मैले तपाईंहरूको पैसा फिर्ता नभएसम्म लडिरहन्छु भनेको छु,' उनले भने, 'जिबी राईजी तपाईं जहाँ हुनुहुन्छ, कुनै समय टेलिभिजनमा सहकार्य गरेको मित्रका हिसाबले यति धेरै मान्छे पीडित छन्, उनीहरूको पैसा कसरी र कुन-कुन सम्पत्ति बेचेर फिर्ता गर्नुहुन्छ। जसले मकै पोलेर, भारी बोकेर पैसा जम्मा गरेका छन् जस्ताको त्यस्तै ब्याजसहित फिर्ता गरिदिनुस्। सरकारसँग सहकार्य गर्नुस्, आउनुस्, सार्वजनिक हुनुस्।'

लामिछानेले एक वर्षअघिको पत्रकार सम्मेलनमा सञ्चारकर्मीमाथि आफू पर्सनल अट्याकमा उत्रिनु गल्ती भएको स्वीकार गरेका छन्। 'म प्रेस जगत्प्रति हिलो छ्याप्न आएको मान्छे पनि होइन। र, मलाई प्रश्न नगर्नुस् भनेको पनि होइन,' उनले भने, 'एकदमै धेरै प्रश्न गर्नुस्। राजनीतिकर्मीप्रति यो ढंगको प्रश्नले मलाई खुसी लागेको छ। अघिल्लो प्रेसमिटमा मैले कतिपय साथीहरूलाई पर्सनल अट्याक पनि गरेको छु, आवेगवश। त्यसका लागि क्षमा चाहन्छु। त्यस्तो आज पनि हुन्न, भविष्यमा पनि त्यस ढंगले प्रस्तुत हुने विचार गरेको छैन।' उनले डा. रामेश कोइराला, धर्म भुसाल, सम्भव सिरोहियालगायतलाई पर्सनल अट्याक गर्नु आफ्नो गल्ती भन्दै आत्मालोचना गरेका हुन्।

Gandaki Provincial Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

Infrastructure Development Office

Nawalaparasi (Bardaghat Susta East)

Invitation for Bid

Date of publication: **2080-10-09**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online bidsonly** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

S. N.	Name of Project	Contract ID	Estimated Cost (Excluding VAT and PS) (NRs.)	Cost of Bid Document (NRs)	Bid Security (NRs)	Remarks
1	Upgrading of different roads in gaindakotMunicipality (gaindakot 15,17)	IDO-NAW(BSE)-W-NCB-19-2080/81	6746901.26	3000	200000	Single Stage Single Envelope
2	Bhedabari dekhi –ganesh mandir –gorkhali chowk samma kalopatre	IDO-NAW(BSE)-W-NCB-20-2080/81	8438548.28	3000	250000	
3	KUSUM NAGAR TOLE RA NARAYANI TOL MOTORBATO STARONNATI, GAIDAKOT-5	IDO-NAW(BSE)-W-NCB-22-2080/81	2531574.99	3000	75000	
4	Hupsekot gaupalika Jane sadak Isttarunati, Hupsekot Municipality	IDO-NAW(BSE)-W-NCB-23-2080/81	2520000.79	3000	75000	
5	Bayartandi Abhivan Trail Bridge, Madhyabindu 1	IDO-NAW(BSE)-W-NCB-24-2080/81	6576347.71	3000	195000	
6	Upgrading of different road in gaindakot municipality(gaindakot 1 and 2)	IDO-NAW(BSE)-W-NCB-25-2080/81	11769918.64	3000	350000	
7	Upgrading of Gogdi to Gaurijhok Khumbaari-Tin Damai- Lumbini Province Connecting Road, Binayitriveni	IDO-NAW(BSE)-W-NCB-UG-02-2080/81	NA	5000	1210000	Single Stage Two Envelope

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank Ltd.
Name of Office : Infrastructure Development Office, Kawasoti, Nawalparasi (bardaghat Susta East)
Office Code no. : 3370146014
Office Account no(Rajaswa). : 1000100200010000
Rajaswa (revenue) Shirshakno.: 14229
Last Date of Bid Submission : **2080-11-10(22 February 2024)**

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

चिप्लेढुङ्गा शाखा, कास्की

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ७३६१७/०६६/०६७ अन्तर्गत मिति २०६७/०२/३१ मा दर्ता कायम भएको **हिमालयन देउराली रिसोर्ट प्रा.लि.** कम्पनी दर्ता ठेगाना : ढिकुरपोखरी - २, सिमपाली, नागडाडा, कास्की स्थायी लेखा नं. ३०४४४२९६६, मिति २०६७/०२/३१ **संचालक : गणेशमान गुरुङ्ग** **कर्जा शिर्षक : आवधिक तथा डिमाण्ड कर्जा**	२. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कास्की, गण्डकी प्रदेशमा प्रा.फ.नं.घ.उ.वि. १७४१५/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/२५ मा दर्ता कायम भएको **अन्नपूर्ण देउराली पोल्ट्री फर्म** फर्म दर्ता ठेगाना : अन्नपूर्ण गा.पा. - १, नागडाँडा, कास्की स्थायी लेखा नं. १०८४५७६६१, मिति २०७७/०५/२९ **प्रोप्राईटर : विन्दा राया** **कर्जा शिर्षक : आवधिक कर्जा**	३. **विन्दा राया** ना.प्र.नं. ३३८५ जारी मिति २०५८/०४/२१, जि.प्र.का. उदयपुर बाबुको नाम : दिनेश कुमार राया क्षेत्री पतिको नाम : गणेशमान गुरुङ्ग ससुराको नाम : नन्द बहादुर गुरुङ स्थायी ठेगाना : त्रियुगा - २, उदयपुर **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

गणेशमान गुरुङ्ग ना.प्र.नं. १७९४, जारी मिति २०४९/१०/०४, जि.प्र.का. कास्की बाबुको नाम : नन्द बहादुर गुरुङ बाजेको नाम : सिंह रास गुरुङ स्थायी ठेगाना : धम्पुस - ३, कास्की	**विन्दा राया** ना.प्र.नं. ३३८५, जारी मिति २०५८/०४/२१, जि.प्र.का. उदयपुर बाबुको नाम : दिनेश कुमार राया क्षेत्री पतिको नाम : गणेशमान गुरुङ ससुराको नाम : नन्द बहादुर गुरुङ स्थायी ठेगाना : त्रियुगा - २, उदयपुर

बेलौरी शाखा, कन्चनपुर

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर, कन्चनपुरमा प्रा.फ.र.न. ८५/०६५/०६६ अन्तर्गत मिति २०६५/०६/०२ मा दर्ता कायम भएको **निङ्गलासैनी ट्रेड एण्ड सप्लायर्स**
फर्म दर्ता ठेगाना : श्रीपुर - ६, कन्चनपुर
स्थायी लेखा नं. ३०३००६४०८, मिति २०६५/०६/०२
प्रोप्राईटर : प्रेमसिंह भण्डारी
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

प्रेमसिंह भण्डारी ना.प्र.नं. ७७५४५३१६ जारी मिति २०४६/०८/२८, जि.प्र.का. कन्चनपुर बाबुको नाम : बीरसिंह भण्डारी बाजेको नाम : हरि सिंह भण्डारी स्थायी ठेगाना : रामपुर विलासपुर - ७, कन्चनपुर	**देवकी देवी भण्डारी** ना.प्र.नं. ५९१/०३६, जारी मिति २०५५/०६/२९ इ.प्र.शा. त्रिभुवनवस्ती, कन्चनपुर बाबुको नाम : चन्द्र सिंह भण्डारी पतिको नाम : प्रेम सिंह भण्डारी ससुराको नाम : बीरसिंह भण्डारी स्थायी ठेगाना : रामपुर विलासपुर - ७, कन्चनपुर

गौर शाखा, रौतहट

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १०८६१/१५७१ अन्तर्गत मिति २०७७/११/१९ मा दर्ता कायम भएको **एस.के. ट्रेडर्स**
फर्म दर्ता ठेगाना : बगही - ५, रौतहट
स्थायी लेखा नं. ६१५३८४१७५, मिति २०७७/११/१९
प्रोप्राईटर : उमेश कुमार महतो
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

उमेश कुमार महतो ना.प्र.नं. ३२१०६९-३८८७, जारी मिति २०६७/०१/२७ जि.प्र.का. रौतहट बाबुको नाम : भिखर महतो कोइरी बाजेको नाम : सिकम महतो कोइरी स्थायी ठेगाना : बगही - ४, रौतहट		
भिखर महतो कोइरी ना.प्र.नं. ८०५५, जारी मिति २०३५/०२/१७ जि.प्र.का. रौतहट बाबुको नाम : सिकम महतो कोइरी बाजेको नाम : खोवारी महतो स्थायी ठेगाना : बगही - ७, रौतहट	**पुनम कुमारी देवी** ना.प्र.नं. ३२-०१-७७-०८३४८, जारी मिति २०७७/१२/०२, जि.प्र.का. रौतहट बाबुको नाम : चिनिलाल महतो पतिको नाम : उमेश कुमार महतो ससुराको नाम : भिखर महतो कोइरी स्थायी ठेगाना : कटहरिया - ६, रौतहट	**श्रीमती देवी** ना.प्र.नं. ७६८८-०४४१०५४२ जारी मिति २०३५/०२/११, जि.प्र.का. रौतहट पतिको नाम : भिखर महतो कोइरी ससुराको नाम : सिकम महतो कोइरी स्थायी ठेगाना : बगही - ७, रौतहट

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

खेलकुदमा दीर्घकालीन योजनाको खाँचो

राष्ट्रको खेलकुद विकासका लागि उत्कृष्ट खेलाडीले अवसर खोज्ने होइन, राज्यले उत्कृष्ट खेलाडी खोज्ने परिपाटी बनाउन सक्नुपर्छ



● पार्थ सारथी सेन गुप्त

अग्रलेख

खेलकुदमा नेपालले राम्रो प्रदर्शन किन गर्न सक्दैन ? मेगा स्टार जन्माउन किन सक्दैन ? ठूला प्रतियोगितामा नेपाली खेलाडी हार्नासाथ अन्य देशका खेलाडीसँग दाँजेर मानिस यस्ता जिज्ञासा राख्छन् । मलाई यस्ता प्रश्न अनौठो लाग्छ । जित्नका लागि आवश्यक तयारी हामीले गरेका छौं त ? खेलाडीलाई प्रतियोगिता चल्दा दुई दिन फाइभ स्टारमा राख्दैमा पदक आउँछ र ? हामीले अहिले गरेको तयारीका आधारमा जितेको पदक पनि ठूलो हो ।

ठूला प्रतियोगितामा पदक जित्न सम्भव छ । तर, राज्यले दीर्घकालीन नीति बनाउनुपर्छ । अहिलेसम्म त खेलाडीहरू आफ्नै खर्चले डाइट खाएर, ट्रेनिङ गरेर छनोट वा प्रतिस्पर्धामा भिड्न आउने हुन् । त्यस्ता खेलाडीलाई चार महिना क्याम्पमा राखेकै भरमा पदक जित्ने सपना देख्नु मूर्खतासिवाय केही होइन । मेरो बुझाइमा ठूला प्रतियोगिताका लागि खेलाडी तयार गर्न खेलकुदलाई राष्ट्रिय गौरवको योजनाका रूपमा अगाडि बढाउनुपर्छ । राष्ट्रिय योजना आयोगले खेलकुद परिषद् तथा ओलम्पिक कमिटीसँग समन्वय गरेर त्यस प्रकारका योजना तय गर्नुपर्छ । कुन खेलमा कति वर्षमा कस्तो सफलता हासिल गर्ने भन्ने लक्ष्य निर्क्योल गरे, त्यहीअनुसार 'रोडम्याप' बनाउनुपर्छ । अनि, तत्कालीन र दीर्घकालीन प्राथमिकताका आधारमा त्यसको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्छ ।

खेलाडी छनोट : हामी किन खेल्दै छौं ? यो प्रश्न सबैभन्दा महत्त्वपूर्ण छ । स्वास्थ्यका लागि खेलकुद जरुरी छ । यसका लागि जुनसुकै उमेरका मानिसलाई पनि खेलकुदमा लाग्न उत्प्रेरित गर्नुपर्छ । खेलकुद मनोरञ्जनको माध्यम पनि हो, यस दृष्टीबाट हेर्दा पनि उमेरले फरक पार्दैन । तर, राष्ट्रलाई पदक जिताउन खेल्ने हो भने धेरै पक्षमा ध्यान दिन जरुरी छ । उमेर, शारीरिक शक्ति, मनोविज्ञान, पोषणलगायत वैज्ञानिक आधारसहित खेलाडी चयन गर्नुपर्छ र उनीहरूलाई वर्षौंसम्म निरन्तर ट्रेनिङ दिनुपर्छ । सानैमा (८-९) वर्षदेखि नै प्रतिभा पहिचान गरेर ट्रेनिङ दिनुपर्छ । तर, हाम्रोमा १६ वर्षको भइसकेपछि खेलाडीको प्रतिभा बल्ल उजागर हुन्छ ।

हुन त हाम्रोमा जिल्लाबाट क्षेत्र, प्रदेश, त्यसपछि नेसनल र इन्टरनेसनल प्रतियोगितामा खेलाडी छनोट भइरहेका छन् । तर, यो प्रक्रियाका क्रममा 'सेन्टर अफ एक्सिलेन्स' अर्थात् अति प्रतिभाशालीलाई चिनेर उनीहरूको सम्भावनालाई उजागर गर्ने काममा हामी चुकेका छौं ।

खेलाडीको कमजोरी र सुदृढ पक्षबारे पर्याप्त विश्लेषण नै गरिएको छैन । खेलाडीले हारिसकेपछि हार्नुको कारण पहिल्याएर सुधारको दिशामा लैजाने जिम्मा प्रशिक्षक र विज्ञहरूको हो, हाम्रोमा त्यो प्रणाली छैन । पूर्वाधार र योग्य प्रशिक्षकको कमीका कारण राष्ट्रपति रनिङ सिल्डजस्ता प्रोजेक्टले सोचेजस्तो परिणाम दिन सकेका छैनन् ।

दीर्घकालीन लक्ष्य बनाएर कम्तीमा ५-१० वर्षको क्याम्प चलाएर खेलाडी पहिचान गर्ने, उनीहरूलाई आवश्यक सबै सुविधा उपलब्ध गराएर प्रशिक्षण दिने, प्राविधिक टिमले मूल्यांकनका आधारमा टिममै राख्ने वा ड्रप आउटको निर्णय गर्ने, नयाँ प्रतिभा भेटियो भने त्यसलाई पनि टिममा समावेश गर्नेलगायत काम नगरी सफलता हासिल गर्न सकिन्न ।

पूर्वाधार : हाम्रोमा आधुनिक सुविधासम्पन्न खेल पूर्वाधारको अभाव छ । वर्षौंअघि बनेका रंगशाला छन् । अहिलेको जमानामा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्न सोहीअनुसारका सुविधासम्पन्न रंगशाला र पूर्वाधार बन्नुपर्छ । नेपालमा मास गेम (जो सबैमाझ लोकप्रिय हुन्छ) लक्षित गरेर अधिकांश रंगशाला बनाइएका छन् । राष्ट्रिय गौरवका खेल (जसले अन्तर्राष्ट्रिय प्रतियोगितामा देशलाई पदक जिताउन सक्छ) लाई केन्द्रमा राखेर पूर्वाधार कमै बन्छन् । खेलकुद संघहरू आफैं पूर्वाधार निर्माण गर्न सक्ने अवस्थामा छैनन्, त्यसैले यसमा राज्यले सहयोग गर्नुपर्छ ।

कम्तीमा प्रत्येक प्रदेशमा अन्तर्राष्ट्रिय रंगशाला हुनुपर्‍यो । प्रत्येक जिल्लामा राष्ट्रियस्तरका तथा प्रत्येक स्थानीय तहमा आवश्यकताअनुसारका खेल पूर्वाधार निर्माण हुनुपर्छ । ट्रेनिङ सेन्टरहरू निर्माण गरेर विदेशी खेलाडीलाई पनि नेपालमा ल्याउन सकिन्छ । त्यस्ता ट्रेनिङ सेन्टर भए भने जाडोमा तराईमा र गर्मीमा पहाडी क्षेत्रमा क्याम्पहरू सञ्चालन गर्न सकिन्छ । उच्च स्थानमा हाई-अल्टिच्युट ट्रेनिङ सेन्टर स्थापना गर्न सकिन्छ । बिजनेस सेन्टर, लाइब्रेरी, होस्टल, होटेललगायत सबै कुरा उपलब्ध हुने गरी ट्रेनिङ सेन्टर तथा एकेडमी खोल्नुपर्छ । अहिलेको समयमा शिक्षासँग खेलकुदलाई जोड्न अनिवार्य छ । तर, स्कुल शिक्षकलाई प्रशिक्षण दिएर मात्र पुग्दैन । अब, स्पोर्टस् एकेडेमी खोल्न ढिला गर्नुहुँदैन । जहाँ,



खेलकुदमा रुचि भएका विद्यार्थीले नियमित शिक्षासँगै खेलकुदको पर्याप्त प्रशिक्षण र अनुसन्धान गर्न पाऊन् । अन्य स्कुलमा पढिरहेका र खेलकुदमा विशेष दक्षता भएकालाई पनि यस्ता एकेडेमीमा छात्रवृत्ति दिएर पढाउने व्यवस्था हुनुपर्छ ।

प्रशिक्षक : अर्को महत्त्वपूर्ण पक्ष प्रशिक्षक तथा प्राविधिक हुन् । खेलाडीको जीवनको एउटा चक्र हुन्छ । पहिले उसको छनोट, त्यसपछि प्रतिभा उजागर, मोटिभेसन, ट्रेनिङ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता, उपलब्धि र निश्चित समयपछि अवकाश । यी सबै पक्षमा राज्यले ध्यान दिनुपर्छ । एउटा खेलाडी अवकाशपछि खेलकुद विज्ञ तथा प्रशिक्षक बन्न सक्छ । उसले अन्य दर्सौं खेलाडी उत्पादन गर्न सक्छ । नेपालमा अवकाशपछिको भविष्य निश्चित नहुँदा पदक विजेता खेलाडी विदेश पलायन भइरहेका छन् । १५-२० वर्षसम्म खेलेका खेलाडी यसरी एकाएक पलायन हुनु विडम्बना हो । त्यस्ता प्रतिभालाई खेलक्षेत्रबाट टाढिन वा बिदेसिनबाट रोक्न राज्यसँग स्पष्ट नीति हुनुपर्छ । अवकाशपछि उनीहरूलाई प्रशिक्षक, प्राविधिक, व्यवस्थापकलगायत काममा ईगेज गराउन सक्नुपर्छ ।

> ठूला प्रतियोगिताका लागि खेलाडी तयार गर्न खेलकुदलाई राष्ट्रिय गौरवको योजनाका रूपमा अगाडि बढाउनुपर्छ । राष्ट्रिय योजना आयोगले खेलकुद परिषद् तथा ओलम्पिक कमिटीसँग समन्वय गरेर त्यस प्रकारका योजना तय गर्नुपर्छ ।

राम्रो प्रशिक्षकविना राम्रो खेलाडी उत्पादन सम्भव छैन । हामीले स्कुल, गाउँ, जिल्ला, केन्द्र सबैतिर दक्ष प्रशिक्षक उत्पादनमा जोड दिनुपर्छ । यसका लागि प्रशिक्षकलाई पर्याप्त तालिम तथा कोर्स गराउन जरुरी छ । राष्ट्रिय खेलकुद परिषद्मा पनि समयअनुसार प्रशिक्षकको संख्या बढाउनुपर्ने आवश्यकता छ । भएका प्रशिक्षकलाई पनि राष्ट्रियस्तरमा सेमिनार तथा रिफ्रेसमेन्ट कोर्स गराएर समय र प्रविधिसँग अपडेट गराउँदै लैजानुपर्छ ।

अन्तर्राष्ट्रियस्तरमा विभिन्न कोर्स गराउन खेलाडीलाई पठाउन सकिन्छ । त्यसका लागि हाम्रो अन्तर्राष्ट्रिय कनेक्टिभिटी पनि राम्रो हुनुपर्छ । प्रत्येक खेलकुद संघले अन्तर्राष्ट्रिय सम्पर्क विभाग बनाएर खेलाडी तथा प्रशिक्षकलाई विदेशमा ट्रेनिङ तथा कोर्स गर्न पठाउने एवं विदेशका खेलाडी तथा प्रशिक्षकलाई नेपालमा अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गरेर निमन्त्रणा गर्नुपर्छ । पोषणविद्, व्यवस्थापक, फिजियोथेरापिस्ट, मनोविज्ञलगायत प्राविधिक जनशक्तिको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । चार महिना क्याम्पमा बस्दा मात्रै डाइट खर्च दिएर हुँदैन । खेलाडीलाई बाह्रै महिना स्वास्थ्यबर्द्धक र आवश्यकताअनुसारको डाइट उपलब्ध गराउनुपर्छ । चेकजाँच र चोटपटक लाग्दा उपचारको व्यवस्था हुनुपर्छ । यस्ता प्राविधिक पक्षमा ध्यान जानुपर्छ ।

मार्केटिङ : निजी क्षेत्रलाई आकर्षित नगरी खेलकुदले गति लिन सक्दैन । हामीले बिजनेस हाउस तथा खेलप्रेमीलाई जोड्ने गरी नीति बनाउनुपर्छ । विदेशमा फुटबलर वा अन्य खेलाडीको नाम र नम्बर अंकित आधिकारिक जर्सी बेचेर संघले राम्रो आम्दानी गरिरहेको हुन्छ । यस्ता आधिकारिक जर्सी लगाउन पाउँदा खेलप्रेमीले पनि गर्व गर्छन् । जर्सी धेरै बिकेको देखेपछि प्रायोजकले पनि संघसँग राम्रो रकममा सम्झौता गरिरहेका हुन्छन् । त्यही पैसालाई खेलकुद विकासमा लगाउन सकिन्छ । यसमा हामीले काम गर्न सकेका छैनौं भने पनि हुन्छ । इच्छाशक्ति हुँदा हामीले क्याम्प, सेमिनार, अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेर पनि खेलकुदको विकासका लागि राम्रो रकम जम्मा गर्न सक्छौं ।

समन्वयकारी भूमिका : सम्बन्धित खेलकुद संघ, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटीजस्ता संस्थाले समन्वयकारी भूमिका खेलेर अन्य निकायलाई खेलसँग जोड्नुपर्छ । स्थानीय तह र प्रदेशसँग कसरी समन्वय गर्ने भन्ने विषयमा राज्यसँग स्पष्ट नीति छैन । खेलकुद विकास ऐन बनेको छ, तर यसमा पनि सबै कुरा स्पष्ट छैनन् । प्रदेश ऐन बनेकै छैन । केन्द्र, प्रदेश र स्थानीय तहसम्मै 'ल एन्ड अर्डर' हुनुपर्छ ।

अहिले प्रदेश, स्थानीय सरकार र क्लब तथा निजी क्षेत्र सबैले आआफ्नै तरिकाले प्रतियोगिता आयोजना गरिरहेका छन् । यसरी आयोजना भएका प्रतियोगिताले मनोरञ्जन र सभा-समारोहमार्फत मानिसलाई सामाजिक रूपमा जोड्ने काममसम्म गर्न सक्लान्, राजनीतिक तथा सामाजिक व्यक्तित्वले मेडल वितरण गर्छन् र जान्छन् । तर, खेलाडी उत्पादनमा सहयोग गर्न नसकेसम्म प्रतियोगिता आयोजनाको औचित्य पुष्टि नहुने भएकाले आफ्नूखुसी प्रतियोगिता गरेर हुँदैन । एउटा प्रतियोगितामा १० जना राम्रा खेलाडी देखिए भने उनीहरूलाई अघि बढाउने केही योजना हुनुपर्‍यो । नत्र प्रतियोगिता आयोजना गर्नुको अर्थ के ? अहिले त खेलाडीले उत्कृष्ट घोषित भइसकेपछि पनि अर्को अवसर खोज्दै धाउनुपर्ने अवस्था छ । एउटा प्रतियोगितामा राम्रो गर्ला, त्यसपछि फेरि डाइट, ट्रेनिङ र गाइडलाइन्स भएन भने अर्को प्रतियोगितासम्म पुग्दा कमजोर भइसकेको हुन्छ । उत्कृष्ट खेलाडीले अवसर खोज्ने होइन, राज्यले उत्कृष्ट खेलाडी खोज्ने परिपाटी बनाउन सक्नुपर्छ ।

एकीकृत रूपमै समन्वय गरेर, निश्चित क्यालेन्डर बनाएर प्रतियोगिता गर्दा गाउँ वा स्कुलमा प्रतिभा देखाएका खेलाडीबारे पनि सम्बन्धित खेलका संघ, खेलकुद परिषद्, ओलम्पिक कमिटीलगायत संस्थाहरू समयमै जानकार हुन्छन् । उनीहरूले थप एक्सपोजरका लागि पहल गर्न सक्छन् र गर्नुपर्छ । अनि मात्र देशको खेलकुद विकासले गति लिन सक्छ ।

(नेपाल स्पोर्टस् साइन्स एकेडेमीका पूर्वनिर्देशक गुप्त एसियाली भारोतोलन संघको कार्यकारी समितिका सदस्य हुन्)

---

३ प्रश्न

पूर्वसभामुख **दमननाथ ढुंगाना**लाई



एनसेल प्रकरणमा फरकफरक संसदीय समितिले अनुसन्धान गर्नुलाई के भन्नुहुन्छ ?

राज्यका अर्थ, गृह, शिक्षा, स्वास्थ्य, परराष्ट्र, रक्षालगायत मन्त्रालयका हरेक विषय हेर्न संसद्मा विषयगत समिति गठन गरिएका हुन्छन् । कुन विषय कुन समितिको क्षेत्राधिकारभित्र पर्छ भन्ने ऐनमै प्रस्ट गरिएको हुन्छ । समितिहरूले आ-आफ्ना क्षेत्राधिकारभित्र रहेर काम गर्नुपर्छ । कहिलेकाहीं कतिपय विषय अन्तर्सम्बन्धित पनि हुन सक्छन् । यसमा समितिहरूले हानथाप गरेर हुँदैन । आपसमा बसेर छलफल गरी समाधान खोज्नुपर्छ । समितिहरूबीच विवाद बढेमा सभामुखले हस्तक्षेप गर्नुपर्छ ।

संसदीय समितिहरू किन एक-अर्काको क्षेत्राधिकारभित्र प्रवेश गर्छन् ?

संसदीय समितिहरू यसरी एकअर्काको क्षेत्राधिकारभित्र नजानुपर्ने हो । तर, एक-अर्को समितिको क्षेत्राधिकार आकर्षित हुने विषय भएमा भने सम्बन्धित समितिका सभापतिहरूले छलफल र अनुभव आदानप्रदान गर्नुपर्छ । विवाद बढाएर हुँदैन । अहिले एनसेलको विषयमा पनि भएको त्यही हो ।

संसदीय समितिहरूलाई जिम्मेवार बनाउन कसरी सकिएला ?

सबैभन्दा पहिले संसदीय समितिका सभापति र सदस्यहरू आआफ्नो भूमिकामा प्रस्ट हुनुपर्छ । समितिहरूबीच कुनै पनि विवाद उठेमा त्यसलाई समितिका सभापतिहरूबाटै समाधान खोज्नुपर्छ । तर, त्यो सम्भव नभएमा त्यसलाई सभामुखसम्म पुऱ्याउनुपर्छ । सभामुखले यस विषयमा गम्भीरतापूर्वक छलफल गरी आवश्यक निर्देशन दिन सक्नुपर्छ । सभामुखको निर्देशन सबै समितिका सभापति तथा सदस्यहरूले पालना गर्नैपर्छ ।

प्रेरक प्रसंग

बाधा देखेर नडराऊ

यो घटना इन्डोनेसियाको हो । एउटा स्कुलको छात्रले एक दिन अचानक जिद्दी गर्न थाले, 'आज म स्कुल जान्नँ ।' उनले स्कुल नजाने भनेर अति नै जिद्दी गरे । उनका बाबुले बडो प्रेमपूर्वक उनीसित स्कुल नजाने भनेर त्यसरी जिद्दी गर्नुको कारण सोधे । बाबुलाई जवाफ दिँदै उनले भने, 'यो नयाँ स्कुलका केटाहरूले मलाई जिस्क्याउँछन्, हेप्छन् र सताउँछन् ।' बालकको कुरा सुनेपछि तिनका बाबुले सम्झाउँदै भने, 'यसमा के अनौठो कुरा छ त, केही समयपछि त तिमी पनि उनीहरूसँग घुलमिल भइहाल्छौ र उनीहरू तिम्रा साथी बन्नेछन् ।' 'जे भए पनि म स्कुल जान्नँ,' यति भन्दै ती बालकले आफ्ना किताब फ्याँकिदिए । आमाबाबुले धेरै सम्झाए । तर, त्यो केटो आफ्नो जिद्दीमा अडिग रह्यो । केटाका बाबुले आफ्ना साथीलाई छोराको यस्तो समस्याबारे बताए । उनका साथीले ती बालकलाई एउटा ससानो कुलोमा लिएर गए । उनले एउटा ठूलै आकारको ढुंगा कुलोको बीचमा फ्याँकिदिए र भने, 'यो ढुंगाले पानीलाई रोक्नेछ । अब पानी अगाडि जान सक्दैन ।' उनले त्यसो भनेको केही समयसम्म त पानी रोकियो पनि । तर, बिस्तारै फेरि पानी आफ्नै गतिमा बग्न थाल्यो र त्यो ढुंगो पानीमा डुब्यो । अब पानीले आफ्नो बाटो समात्यो ।



यसपछि उनले ती बालकसँग भने, 'बाबु, कुनै प्रकारको रोकावट या बाधादेखि हामी कहिल्यै डराउनु हुँदैन । हेर पानी पनि केहीबेर रोकिएपछि फेरि त्यो बाधामाथि विजय प्राप्त गरेर पहिलेजसरी नै बगिरहेको छ । फेरि तिमी त मानिस भएर पनि किन बाधादेखि डराइरहेका छौ ?'

ती बालक अर्को दिनदेखि स्कुल जान थाले । केही दिनमै उनलाई जिस्काउने केटाहरू साथी बने र पछि स्वतन्त्रता संग्राममा उनका अनुयायी बने । ती बालक अरू कोही नभई इन्डोनेसियाका पूर्वराष्ट्रपति सुकार्नो थिए । इन्डोनेसियालाई स्वतन्त्र बनाउन उनको ठूलो योगदान रह्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यो होडबाजी किन ?

एनसेल करछली प्रकरणमा चारवटा संसदीय समितिले हात हालेपछि संसदीय समितिबीच नै कार्यक्षेत्र विवाद चर्केको छ । के संसदीय समितिका सभापति र सदस्यले कानुन पढेका या बुझेका हुँदैनन् हो ? यदि यिनले कानुन बुझेका भए सबैले आआफ्नो क्षेत्राधिकार पनि त बुझ्नुपर्ने हो नि, होइन र ? नत्र, पटक-पटक अर्बौंको करछलीमा आँखा चिम्लिँदै आएका समिति किन यसरी दौडादौड गरेर एनसेल प्रकरणमा टुप्पीदेखिको बल लगाइरहेका छन् ? यदि यिनले स्वस्थ सोचले एनसेल प्रकरणमा छानबिन गर्न चाहेका हुन् भने एउटा सरोकारवाला समितिबाट मात्र छानबिन गरी कारबाही प्रक्रिया अघि बढाउनुपर्ने होइन र ? यो अनावश्यक होडबाजी किन ?

● **ऋतु परियार**, गोठाटार, काठमाडौं

छिटो छानबिन गरियोस्

नक्कली सवारी लाइसेन्स प्रकरणमा १० महानिर्देशकको पालामा ६६ हजारभन्दा बढी नक्कली लाइसेन्स जारी गरिएको समाचार पढियो । यति ठूलो परिमाणमा नक्कली लाइसेन्स जारी हुँदा त्यसमा महानिर्देशकको भूमिका नहुने र उनीहरूको त्यसको आर्थिक लाभ नपाएको हुने त कुनै सम्भावनै छैन । त्यसैले, यस प्रकरणमा गम्भीर छानबिन गरी दोषीमाथि कडा कारबाही गरिएन भने भविष्यमा पनि यस्ता घोटाला भई नै रहनेछन् ।

● **अपूर्व स्याङ्तान**
कालिमाटी, काठमाडौं

धनाढ्यको लगानी स्वागत गरौं

विश्वकै धनाढ्यहरूले नेपालका जलविद्युत्, विमानस्थल निर्माण, इन्टरनेटलगायत क्षेत्रमा लगानी गर्न प्रस्ताव गरेको समाचार सकारात्मक छ । देशमा वैदेशिक लगानी नआइरहेको समयमा यस्तो प्रस्ताव आउनु सकारात्मक छ । चुस्त नियम, कानुन बनाई उनीहरूलाई लगानी गर्न खुला गरिदिए देशमा रोजगारी बढ्ने र नेपालीले काम पाउने सम्भावना बढ्छ । त्यसैले, एलन मस्क, गौतम अडानीलगायतलाई भरपर्दो नियमनको व्यवस्था गरी उनीहरूको लगानी स्वागत गरौं ।

● **कोपिला मुल्मी**
सानेपा, ललितपुर

शीतलहरबाट जोगिन सचेत बनौं

चिसो बढेसँगै मधेशका भूभागमा शीतलहरले सताउने गर्छ । यो प्राकृतिक समस्या अहिलेको होइन । कसैले चाहेर पनि यसलाई रोक्न सक्दैन, यसबाट बच्ने मात्र हो । हरेक वर्ष जाडोयाममा शीतलहरको समस्या आउँछ, त्यो सम्पूर्ण तराईवासीलाई थाहा छ । त्यो जान्दाजान्दै किन त्यसबाट बच्ने उपायबारेचाहिँ कसैले सोच्दैनन् ? कतिपय सोच्दासोच्दै पनि समस्या समधान गर्न नसक्ने अवस्थामा पनि होलान्, त्यो आफ्नो ठाउँमा छ । सक्नेले त केही गरौं । केही नगरे पनि कम्तीमा चिसो बढेसँगै दाउरा र पुरानै भए पनि न्यानो कपडाको जोहो गरौं । सरकारले गर्दैन भन्ने सबैलाई थाहा छ । सरकारको मुख ताक्नुको अर्थ छैन । त्यहाँका जनताले यो कुरा बुझ्न आवश्यक छ ।

देशमा तीन तहका सरकार छन् । तर, मधेशी जनताका लागि नाउँ मात्रको सरकार छ । भाषण गर्ने काम भने केही नगर्ने नेताको पाराले जनता आजित छन् । अझ भन्नै पर्दा तराईका जनतामाथि राजनीति गरिरहेका नेतालाई यसप्रति मतलब छैन । तराईका नेताहरूको बसोवास राजधानीमा छ । यदि राजधानीमा बसोवास नभए पनि एसीवाला भव्य भवनमा उनीहरूको बसोवास छ । त्यसैले, उनीहरूलाई शीतलहरले छुन सक्दैन । गरिब जनताको उनीहरूलाई के मतलब ?

तराईमै पनि हुनेखानेका लागि शीतलहरको समस्या छैन । उनीहरू एसीमा बसेका छन् । कतिपय नेता तथा पैसावालहरू राजधानी काठमाडौंमै बसेका छन् । शीतलहरको कहर भनेको त्यहाँका गरिब नागरिकलाई हो । कतिपय नागरिकले अकालमै ज्यान गुमाउनुपरेको भए पनि यसप्रति राज्य बेखबर छ, किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सशस्त्र प्रहरी बल : भूमिका, अपेक्षा र चुनौती

सशस्त्र प्रहरीलाई आधुनिक प्रविधि, हातहतियार, भिड नियन्त्रणका उपकरण तथा सवारीसाधनबाट सुसज्जित गरिनु जरुरी छ



● भरत खनियाँ

कुनै पनि राज्यमा फौज कति संख्यामा राख्ने भन्ने विषय शान्ति-सुरक्षाको स्थिति, भू-राजनीतिक अवस्था, आन्तरिक राजनीतिक परिस्थिति, औद्योगिक विकास, आर्थिक क्षमतालगायतमा निर्भर रहन्छ । परम्परागत रूपमा संसारमा नियमित सेना र प्रहरी रहँदै आएता पनि दोस्रो विश्वयुद्ध तथा शीतयुद्धको समाप्तिपश्चात् देशहरूले तत्कालीन आवश्यकताअनुरूप फरक प्रकारका फौज स्थापना गर्दै आएका छन् ।


एउटा बिषम परिस्थितिमाझ स्थापना भएको सशस्त्र प्रहरी बल आज आफ्नो स्थापनाको २३ औं बार्षिकोत्सब मनाउँदै छ । नियमित प्रहरीबाट सम्पन्न हुन नसक्ने तथा सेनाको परिचालन सम्भव नभएको अवस्थामा नियमित सेनाको जस्तै शारीरिक अवस्था तालिम र हातहतियार अनि प्रहरीजस्तै जनमानसमा मिलेर काम गर्न सक्ने फौजको रूपमा यसको स्थापना भएको हो ।

स्थापनाको सुरुवाती अवस्थामा सीमित कार्यादेश रहेको भए पनि सशस्त्र प्रहरी ऐन २०५८ अनुसार सशस्त्र प्रहरीले सीमा सुरक्षा, विशिष्ट व्यक्ति तथा महत्त्वपूर्ण संरचनाको सुरक्षा, आन्तरिक सुरक्षा, हुल तथा दंगा नियन्त्रण र व्यवस्थापन, विपत् व्यवस्थापन, भन्सार, राजस्व तथा औद्योगिक सुरक्षा गर्दै आएको छ ।

सशस्त्र प्रहरी बलले स्थापनाकालदेखि आजसम्म (संस्थापक संगठन प्रमुख कृष्णमोहन श्रेष्ठदेखि वर्तमान प्रमुख राजु अर्यालसम्मको कार्यकालमा) भूमिका र कार्यभारमा ठूलो फड्को मारेको छ । सीमालाई बलियो बनाउन भारतसँग सीमा जोडिएका जिल्लामा सीमा सुरक्षा कार्यालयको स्थापना, उत्तर तथा दक्षिणी सीमामा बोर्डर आउटपोस्ट (बिओपी) स्थापना, पूर्वी पहाडी जिल्लामा गुल्मको स्थापना, विपत्को उच्च जोखिममा रहेको नेपालमा जुनसुकै वेला हुन सक्ने जोखिमको सामना गर्न मुलुककै पहिलो विपत् व्यवस्थापन तालिम केन्द्रको स्थापना भएका छन् । यसका अतिरिक्त औद्योगिक तथा राजस्व सुरक्षामा परिचालन, विकास परियोजनामा भरपर्दो सुरक्षा प्रदान, बिओपी थप, सशस्त्र प्रहरी बललाई ७७ जिल्लामा पुऱ्याउने तथा भौतिक निर्माणका विषयले निरन्तरता पाइरहेका छन् ।

सशस्त्रमा फौजको क्षमता विस्तार गर्न व्यावसायिक क्रियाकलाप चक्रको सुरुवात भएको छ । फौजलाई अझ बढी व्यावसायिक बनाउन 'बर्ड' अवधारणाअन्तर्गत विशिष्टीकृत गर्दै लगिएको छ । यो अवधारणाले सशस्त्रलाई सीमामा 'डेडिकेटिड फोर्स'का रूपमा विकसित गर्न, राज्यको आवश्यकताअनुसार आन्तरिक सुरक्षामा भूमिका खेल्न, समय-समयमा देशका विभिन्न भागमा हुने राजनीतिक, साम्प्रदायिक, धार्मिक तथा अन्य आवरणमा हुने दंगा नियन्त्रण गर्न र देशभर वर्षैभरि भइरहने विपत्का घटनामा रोकथाम तथा न्यूनीकरणदेखि उद्धारलगायत काममा खटिन सहज बनाउनेछ । सशस्त्र प्रहरी बलको स्थापनापश्चात् नै नापी विभागको रेकर्डमा रहेका नेपाल-भारत सीमामा रहेका सीमास्तम्भहरू अद्यावधिक गर्न सुरु भएको थियो । सीमास्तम्भ गणनाबाट सुरु भएको सीमा सुरक्षाको काम अहिले आएर सीमा र सीमास्तम्भको सुरक्षा, सीमा अपराध नियन्त्रण हुँदै सीमाको डिजिटल निगरानी र सीमास्तम्भको मर्मत सम्भारसम्म आइपुगेको छ ।

छांगरु, टिंकर र ओलाङचुङगोला अनि केचनादेखि सुस्ता हुँदै दोधरा चाँदनीसम्म सशस्त्र प्रहरी बलका राष्ट्रसेवकले अहोरात्र खटिई सीमा सुरक्षा गर्दै आइरहेका छन् । आन्तरिक सुरक्षामा सशस्त्र प्रहरी बलले खेलेको भूमिकाको कसैले नजरअन्दाज गर्न सक्ने अवस्था छैन । विपत्को समयमा सबैले सबैभन्दा पहिला राज्यलाई सम्झँदा सशस्त्र प्रहरीको छवि अगाडि आउने गरेको यथार्थ छर्लंग छ । सबै प्रकारका विपत्हरूमा सशस्त्र प्रहरी बल अग्रपंक्तिमा खटिँदै आएको छ ।



चाहे त्यो २०७२ सालको भुइँचालो होस् वा भर्खरै जाजरकोटमा गएको भुइँचालो, बाढी, पहिरो, डुबान, सडक दुर्घटनाजस्ता सबै घटनामा सशस्त्र प्रहरी बलका अधिकृत तथा जवानहरू आफ्नो ज्यानको बाजी लगाएर विपत्पीडितको उद्धारमा खटिइरहेका छन् । विपत् न्यूनीकरणका लागि विद्यालय र समुदायमा गरी वार्षिक झन्डै एक लाखजनालाई सुसूचित गर्दै आएको छ । नेपालको संविधान ०७२ ले सशस्त्र प्रहरी बल नेपाललाई केन्द्रीय सुरक्षा फौजका रूपमा रहने व्यवस्था गरेको छ । सुरक्षा निकायहरू संघीयताको पूर्ण अभ्यासमा जाँदा त्यसबाट आउन सक्ने सुरक्षा चुनौती, व्यावहारिक सुरक्षा खाडललाई कसरी पूर्ति गर्न सकिन्छ भन्ने कुरामा सशस्त्र प्रहरी बलले सूक्ष्म अध्ययन र समीक्षा गरी योजनाबद्ध तरिकाले आवश्यक तयारी गरिरहेको छ । हाल ३७ हजारको हाराहारीमा रहेको सशस्त्र प्रहरी सबै जिल्लामा परिचालित छ । राज्यको आवश्यकता र सर्वसाधारणको माग बढेको छ । तर, निश्चित संख्या र फर्मेसनमा खटिनुपर्ने फौज स-सानो संख्यामा खटिँदा एउटै व्यक्ति लामो समयसम्म डिउटीमा खटिनुपर्ने अवस्थाले गर्दा सशस्त्र प्रहरी कर्मचारीमा मानसिक समस्यासमेत देखिने गरेको छ । सरकारको नेपाल-भारत तथा चीन सीमामा बिओपीको संख्या ५०० बनाउने योजनाका सन्दर्भमा हालको अवस्थाको परिचालनलाई हेर्दा करिब आधा लक्ष्य मात्र पूरा भएको देखिन्छ । थप २५० बिओपीका लागि ठूलो संख्यामा जनशक्ति, ब्यारेक भवन, आधुनिक हातहतियार तथा अन्य बन्दोबस्तीका सामानको आवश्यकता पर्छ । यसका साथै आन्तरिक सुरक्षा मजबुत पार्ने तथा उच्च विपत् जोखिमको स्थितिमा रहेको मुलुकमा जुनसुकै वेला हुन सक्ने महाविपत्का घटनामा परिचालन गर्न दीर्घकालीन योजना बनाई सशस्त्र प्रहरीको संख्या वृद्धि आवश्यक देखिन्छ । आधुनिक प्रविधि, हातहतियार, भिड नियन्त्रणका सामान तथा सवारीसाधनमा वृद्धि र आधुनिकीकरण अर्को महत्त्वपूर्ण आवश्यकता हो । हाल प्रयोगमा रहेका तर संसारका अन्य देशमा बिरलै प्रयोग हुने पुराना हातहतियार, वर्षौं पुराना गाडी र न्यून भिड नियन्त्रणका सामानलाई समयसापेक्ष रूपमा बदल्दै लैजान सकेको खण्डमा मात्र आधुनिक समाजमा हुने अपराध नियन्त्रण, सीमामा हुने अवैध तथा आपराधिक गतिविधि नियन्त्रण र प्रविधिले पोख्त नयाँ पुस्ताको अपेक्षा पूरा गर्न सहज र सम्भव हुन्छ ।

(खनियाँ सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

उत्तर कोरियाको भ्रमण गर्न चाहन्छन् पुटिन

प्योङयाङ / रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाको भ्रमण गर्ने इच्छा व्यक्त गरेका प्योङयाङले जनाएको छ। 'पुटिनले चाँडै उत्तर कोरियाको भ्रमण गर्ने इच्छा व्यक्त गरेका छन्' डेमोक्रेटिक पिपुल्स रिपब्लिकन अफ कोरिया (डिपिआरके)ले एक विज्ञप्तिमा भनेको छ। युक्रेनमा विशेष सैन्य कारबाहीमा रुसी सरकारप्रति पूर्ण समर्थन र ऐक्यबद्धता देखाएकोमा मस्कोले प्योङयाङप्रति आभार व्यक्त गरेको छ।


उत्तर कोरियाका एक शीर्ष राजनीतिज्ञले पनि आफ्नो मुलुक रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई 'अभिवादन गर्न तयार' रहेको बताए। परम्परागत सहयोगी रुस र उत्तर कोरियाले हालै आपसी सम्बन्धलाई बढाएका छन्। उत्तर कोरियाली नेता किम जोङ उनले गत सेप्टेम्बरमा रुसको सुदूरपूर्वमा पुटिनसँग भेट्न दुर्लभ विदेश यात्रा गरेका थिए। पश्चिमाहरूले युक्रेनमा रुसी हमला समर्थन गर्न मस्को र प्योङयाङ मिलेर काम गरेको आरोप लगाउँदै आएका छन्। उत्तर कोरियाले आफ्नो सहयोगी रुसलाई लाखौँ तोपखाना गोला र हतियार पठाएको विश्वास गरिन्छ।

उत्तर कोरियाका विदेशमन्त्री चो सोन हुई गत साता पुटिन र आफ्ना रुसी समकक्षी सर्गेई लाभरोभसँग भेट गर्न मस्को पुगेका थिए। कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार सो अवसरमा विदेशमन्त्री चोले पुटिनलाई उत्तर कोरियाको भ्रमण गर्न निम्तो दिएका थिए। चोले भनेका थिए, 'उत्तर कोरियाली सरकार कोरियाली जनताको सबैभन्दा निकट मित्रलाई पूरै इमानदारीका साथ स्वागत गर्न तयार छ।'

रुस र उत्तर कोरियाबीच बढ्दो सैन्य तथा आर्थिक सहयोगले वासिङ्टन र सोलमा चिन्ता बढाएको छ। मस्कोका रक्षा तथा विदेशमन्त्रीहरूसहितको शीर्ष रुसी अधिकारीहरूले गत वर्ष उत्तर कोरियाको भ्रमण गरेका थिए। यसबाट सम्भावित हतियार सम्झौतालाई लिएर किएभका सहयोगीहरूबीच चिन्ता बढेको थियो।

इतिहासमा आज

जनवरी २३



सन् १५५६ : सन् १५५६ को २३ जनवरीमा चीनमा गएको भूकम्प इतिहासमा रेकर्ड भएकामध्ये अहिलेसम्मकै विध्वंसकारी थियो। सान्छी प्रान्तको विई रिभर भ्यालीमा केन्द्रबिन्दु रहेको सो भूकम्प ८ म्याग्निच्युड भएको अनुमान गरिएको छ। भूकम्पका कारण आठ लाख ३० हजारको ज्यान गएको थियो।

● **सन् १८९७** : भारतका राष्ट्रवादी नेता सुभाष चन्द्र बोसको जन्म दिन। उनको निर्दोष देशभक्तिका कारण उनी भारतमा नायक बनेका थिए। उनले दोस्रो विश्वयुद्धको समयमा नाजी जर्मनी र सम्राज्यवादी जापानको सहयोगमा भारतलाई ब्रिटिस शासनबाट स्वतन्त्र गर्ने प्रयास गरेका थिए।

● **सन् १९५०** : इजरायलद्वारा जेरुसेलमलाई आफ्नो राजधानी घोषणा। जेरुसेलम पश्चिम एसियाको एउटा महत्वपूर्ण सहर हो। आजकै दिन इजरायलले जेरुसेलममाथि दाबी गरेको थियो। अन्तर्राष्ट्रिय विरोधका बाबजुद इजरायली संसद् केनसेटले विभाजित जेरुसेलमलाई देशको राजधानी घोषणा गर्ने प्रस्ताव पेस गरेको थियो।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालवस्तुको विवरण	आकार/प्रकार	ब्रान्ड	मोडल	क्षमता	उत्पतिको मूलक/राष्ट्र	इकाई	प्रति एकाई मूल्य	अधिकतम खुद्रा मूल्य (MRP)	कैफियत
१	Range Hood	इलेक्टिकल	Monlight	M200	१८० वाट	चीन	पिस	९५००	९५००	
२	Range Hood	इलेक्टिकल	Monlight	M201	१८० वाट	चीन	पिस	१०५००	१०५००	
३	Range Hood	इलेक्टिकल	Monlight	M202	१८० वाट	चीन	पिस	११०००	११०००	
४	Range Hood	इलेक्टिकल	Monlight	M203	१८० वाट	चीन	पिस	१३५००	१३५००	
५	Range Hood	इलेक्टिकल	Monlight	M205	१८० वाट	चीन	पिस	१२५००	१२५००	
६	Range Hood	इलेक्टिकल	Monlight	M206	१८० वाट	चीन	पिस	१५०००	१५०००	

चन्द्र ज्योती सप्लायर्स प्रा.लि.

कोटेश्वर, काठमाडौं, फोन : ०१-५१४७१५५, एक्जिम कोड : 3036945390149NP

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/१०/०९ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८औँ दिनका दिन अर्थात मिति २०८०।१०।१६ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि. नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१	१. कर्मचारी आवास कर्जा २. कर्मचारी ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः राजेन्द्र फागो** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०३०२२३/२८९७ (२०६३/१२/१३/इलाम) बाजेको नामः धनरूप फागो बाबुको नामः वीर ध्वज फागो ठेगानाः इलाम जिल्ला, चुलाचुली गा.वि.स., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताः** **मीना सुनुवार** ना.प्र.प. नं.(जारी मिति/स्थान): ३०२२३/३००६ (२०६३/१२/१३/तेह्रथुम) बाबुको नामः गोविन्द बहादुर सुनुवार ससुराको नामः वीर ध्वज फागो पतिको नामः राजेन्द्र फागो ठेगानाः तेह्रथुम जिल्ला, छथर गा.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, चुलाचुली गा.वि.स., वडा नं. १।	गोविन्द बहादुर सुनुवार को छोरी, वीर ध्वज फागो को बुहारी, राजेन्द्र फागो को पत्नी तेह्रथुम जिल्ला, छथर गा.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, चुलाचुली गा.वि.स., वडा नं. १ बस्ने **मीना सुनुवार**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, दमक न.पा, वडा नं. ६/ख स्थित कि.न. ४१३१७ र ४१३२१ को क्षेत्रफल ८८.८८ र ११०.०५ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	कर्मचारी आवास कर्जा	**ऋणीको नामः गणेश पाण्डे** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४१००७/५९ (२०६४/०५/१७/गोरखा) बाजेको नामः चित्र प्रसाद पाण्डे बाबुको नामः कृष्ण बहादुर पाण्डे ठेगानाः गोरखा जिल्ला, बोलाङ गा.वि.स., वडा नं. १।	चित्र प्रसाद पाण्डेको नाति, कृष्ण बहादुर पाण्डेको छोरा, गोरखा जिल्ला, बोलाङ गा.वि.स., वडा नं. १ बस्ने **गणेश पाण्डे**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स/न.पा, वडा नं. २ स्थित कि.न. ५७६ को क्षेत्रफल ०-३-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	सवारी साधन कर्जा	**ऋणीको नामः न्यू आकाश जेनरल स्टोर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा दर्ता रहेको) दर्ता नं. : १५९६५/७३५/२०७७/०७८ दर्ता मिति : २०७७/०६/२९ स्थायी लेखा नं. : ६१४१०७८३० ठेगानाः धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं.१६। **प्रोप्राईटरः** **सुलेन्द्र कुमार महतो** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३३०२१८२७(२०५७/०३/०६/धनुषा) बाजेको नामः महावीर महतो बाबुको नामः राम लोचन महतो ठेगानाः धनुषा जिल्ला, गिद्धा गा.वि.स. वडा नं.३। **व्यक्तिगत जमानतकर्ताः** **मिना देवी महतो** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७३०१६/२१६ (२०६३/१२/३०/धनुषा) बाबुको नामः जय किशोर साह ससुराको नामः राम लोचन महतो पतिको नामः सुलेन्द्र कुमार महतो ठेगानाः धनुषा जिल्ला, गिद्धा गा.वि.स. वडा नं.३।	धनी एनएमबि बैंक लि./ऋणी **न्यू आकाश जेनरल स्टोर्स**को नाममा प्रदेश २ को यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनी : MAHINDRA AND MAHINDRA LTD मोडल : BOLERO SCXLFBP5 सवारी दर्ता नं. : प्रदेश २-०२-००१च-०७८३ बनेको साल : 2021 च्यासिस नं. : MA1ZN2TBKM1G54699 इन्जिन नं. : TBM1G16147
४.	१. सम्पत्ति धितो कर्जा २.आवास कर्जा	**ऋणीको नामः रत्न कुमारी लिम्बु** ना.प्र.प.नं. (जारी मिति/स्थान): २२२६/१३३(२०५४/०५/३०/सुनसरी) बाबुको नामः टेक बहादुर लिम्बु ससुराको नामः ललित बहादुर लिम्बु पतिको नामः टेउकु राज लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, पाथिभरा चौक। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. टेउकु राज लिम्बु** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२४७/२४९१(२०५१/०६/०३/सुनसरी) बाजेको नामः विद्या बहादुर लिम्बु बाबुको नामः ललित बहादुर लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, पाथिभरा चौक। **२. सुस्मिता लिम्बु** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०६-०२-७६-०३१४५ (२०७६/१०/२१/सुनसरी) बाजेको नामः ललित बहादुर लिम्बु बाबुको नामः टेउकु राज लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५।	टेक बहादुर लिम्बुको छोरी, ललित बहादुर लिम्बुको बुहारी, टेउकु राज लिम्बुको पत्नि, सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, पाथिभरा चौक बस्ने रत्न कुमारी लिम्बुको नाममा मालपोत कार्यालय धरान, सुनसरी को लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, बक्गरा गा.वि.स./न.पा. वडा नं. १ क स्थित कि.न. २७६० र २७६३ को क्षेत्रफल १७७.७९ र १६०.८५ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोनः ०१-४५२३४३२/३४

शाखा कार्यालय : पृथ्वीचोक, कास्की
फोन नं.: ०६१-५७४२५२

को

शाखा कार्यालय पृथ्वीचोक, कास्कीको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय पृथ्वीचोक, कास्कीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०८/१५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य कार्यालय, भैरहवामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५६/०२/१४ मा प्रा.फ.नं. ८९६६/०५६ कायम भई दर्ता भएको कास्की जिल्ला, सावित पोखरा उ.म.न.पा. वडा नं. ३, तर्सापट्टी स्थित **तनहु सुन चादी दुकान**

२. ऋणीको विवरण

डल्ले गाहतराजको नाति, गुमान बहादुर गाहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बुद्धि बहादुर गाहतराज (ना.प्र.प.नं. ५५२२, कास्की)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. डल्ले गाहतराजको नाति, गुमान बहादुर गाहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बुद्धि बहादुर गाहतराज (ना.प्र.प.नं. ५५२२, कास्की)**

२. गुमान बहादुर गाहतराजको बुहारी, बुद्धि बहादुर गाहतराजको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **जुनमाया गाहतराज (ना.प्र.प.नं. ५५७३, कास्की)**

३. गुमान बहादुर गाहतराजको नाति, बुद्धि बहादुर गाहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राज कुमार गाहतराज (ना.प्र.प.नं. ९३६५५४, कास्की)**

धितोमा रहेको सम्पतिको विवरण

बुद्धि बहादुर गाहतराजको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ९३३.०० (व.मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

नोट : माथि उल्लेखित व्यक्तिगत जमानतकर्ताहरुको विवरण र धितोमा रहेको सम्पतिको विवरण दुबै ऋणीहरुको लागि एकै भएको ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०८/२९ मा प्रा.फ.र.नं. २०८५९/०७७/०७८ स्थानीय व्यापार कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १५ स्थित **गोदार ट्रेडिङ्ग प्रोप्राइटरः मिना देवकोठा गोदार**

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/१०/०३ मा प्रा.फ.र.नं. ७९४२/०७०/०७१ स्थानीय व्यापार कायम भई कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ९ स्थित दर्ता कार्यालय रहेको **मिनु स्टोर्स प्रोप्राइटरः गणेश गोदार**

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०५/२६ मा दर्ता नं. २४१४९८/०७७/०७८ कायम भई कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १५ स्थित दर्ता कार्यालय रहेको **गोदार फुड्स एण्ड मिठ प्रोडक्टस् प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खेम बहादुर गोदारको नाति, पृथ बहादुर गोदारको छोरा, स्याङ्जा जिल्ला, खिलुङदेउराली गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **गणेश गोदार (ना.प्र.प.नं. २०२४०, स्याङ्जा)**

२. पृथ बहादुर गोदारको बुहारी, गणेश गोदारको पत्नी, स्याङ्जा जिल्ला, भीरकोट न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मिना देवकोठा गोदार (ना.प्र.प.नं. ४६१०२५/३०६ कास्की, स्याङ्जा)**

धितोमा रहेको सम्पतिको विवरण

गणेश गोदारको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, ऱ्याक्जाती गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ९४९ र ९५८ को क्रमशः क्षेत्रफल ०-८-०-२ र ०-६-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

नोट : माथि उल्लेखित ऋणी नं. ३, ४ र ५ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण र धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।

६. ऋणीको विवरण

पशुपति आचार्यको बुहारी, धनेश्वर आचार्यको पत्नी, कास्की जिल्ला, भरतपोखरी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सिता आचार्य (ना.प्र.प.नं. ४६१००३/४६८, कास्की)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महेश्वर आचार्यको नाति, पशुपति आचार्यको छोरा, कास्की जिल्ला, भरतपोखरी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **धनेश्वर आचार्य (ना.प्र.प.नं. ५२०५४, कास्की)**

२. पशुपति आचार्यको नाति, धनेश्वर आचार्यको छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३३ स्थित स्थायी ठेगाना भएको **महेन्द्रश्वर आचार्य (ना.प्र.प.नं. ४६-०२-७७-०१९१८, कास्की)**

३. पशुपति आचार्यको नाति, धनेश्वर आचार्यको छोरा, कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. ३३ स्थित स्थायी ठेगाना भएको **बिपिन आचार्य (ना.प्र.प.नं. ४६-०२-७४-०१५६३, कास्की)**

धितोमा रहेको सम्पतिको विवरण

सिता आचार्यको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, भोटेपोखरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ५५१७ को क्षेत्रफल ०-११-२-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१०/०२ गते मंगलवारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पृथ्वीचोक, कास्कीबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२३ गते मंगलवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय पृथ्वीचोक, कास्कीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२४ गते बुधवार यस बैंकको शाखा कार्यालय पृथ्वीचोक, कास्कीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय पृथ्वीचोक, कास्कीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पृथ्वीचोक, कास्कीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ९ माघ ०८०

भारतले बनाइदिने पेट्रोलियम परियोजनामा उल्झन

नेपाल र भारतका प्रधानमन्त्रीले गरेको समझदारी आठ महिना बित्न लाग्दासमेत आइओसी र निगमको वार्तालटोली परियोजना अघि बढाउने निष्कर्षमा पुगेनन्

अजित अधिकारी/नयाँ पत्रिका

भारतीय लगानीमा पेट्रोलियम क्षेत्रमा तीन ठूला पूर्वाधार निर्माणका लागि इन्डियन आयल कर्पोरेसन (आइओसी) र नेपाल आयल निगमबीच सम्झौता गर्नका लागि दुवै देशका सरकारले दिएको समयसीमा सकिएको छ ।

भारतको मोतीहारीदेखि अमलेखगन्जसम्म बिछ्याइएको पेट्रोलियम पाइपलाइनलाई चितवनको लोथरसम्म विस्तार गर्ने, भारतको सिलगुडीदेखि झापाको चारआलीसम्म नयाँ पाइपलाइन र भण्डारणगृह भारतीय लगानीमा बनाउने गरी प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा समकक्षी नरेन्द्र मोदीसँग १८ भदौमा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । दुवै देशका सरकार प्रमुखले गरेको उक्त समझदारीलाई आइओसी र निगमले ६ महिनाभित्र सम्झौता गरी निर्माण सुरु गर्नुपर्ने सर्त राखिएको थियो ।

तर, प्रधानमन्त्री प्रचण्ड र मोदीले गरेको समझदारी आठ महिना बित्न लाग्दासमेत आइओसी र निगमको वार्तालटोलीले परियोजना अघि बढाउने विषयमा कुनै निष्कर्षमा पुगेका छैनन् । दुवै कम्पनीले असार पहिलो साता आ-आफ्नो तर्फबाट वार्तालटोली गठन गरी सोही महिनाको अन्त्यतिर दिल्लीमा पहिलो बैठक बसेका थिए ।

पहिलो बैठकमा परियोजनाको लागत अनुमान यकिन गर्ने एजेन्डा थियो, तर वार्ता गर्न तोकिएको ६ महिना सकिँदा पनि पहिलो बैठककै एजेन्डा टुंगिएको छैन । त्यस्तै, भारतीय लगानी भने पनि 'ऋण कि अनुदान' भन्ने विषयमा समेत दुवै देशका अधिकारीले फरक मत राख्दै आएका छन् । दुवै देशका प्रधानमन्त्रीस्तरमा भएको समझदारीपत्रमा परियोजनामा हुने लगानीबारे 'फन्डेड बाई इन्डियन गभर्मेन्ट अर आइओसी' (भारतीय सरकार वा आइओसीद्वारा लगानी) भन्ने शब्द राखिएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरका अनुसार वार्ताका क्रममा आइओसी अधिकारीले परियोजना बनाउँदा ऋणका रूपमा लगानी गर्ने तर्क गर्दै आएका छन् ।

अनुदान पाए बनाउँछौँ, नत्र पर्दैन



● **गजेन्द्र ठाकुर,** प्रवक्ता, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

दुवै देशका प्रधानमन्त्रीस्तरमा भएको समझदारीमा 'लगानी' भन्ने शब्द छ । यसको अर्थ भारतले अनुदान लगानीमा परियोजना बनाउने भन्ने हो । तर, भारतीय पक्षले वार्ताका क्रममा ऋण लगानी गर्ने कुरा गरिरहेको छ । हामी यसलाई मान्दैनौँ । अनुदानमा परियोजना अघि बढ्छ भने ठीक छ, नत्र परियोजना हामी बनाउँदैनौँ ।

नेपाली पक्षले भने अनुदानबापत तीनवटै परियोजनामा भारतीय लगानी आउनुपर्नेमा जोड दिइरहेका छन् । 'लगानी भन्ने शब्दमा कुरा मिलेको छैन । भारतीय पक्षले लगानी भनेको ऋणबापत हो भन्ने कुरा गरिरहेका छन् । हामीले अनुदान भनिएको हो, अनुदानमा नै परियोजना बनाउनुपर्छ भनेका छौँ,' प्रवक्ता ठाकुरले भने, 'यही विषयमा कुरा मिल्न सकेको छैन ।' पहिलो बैठकमा नै लगानी भन्ने शब्दमा दुवै देशका अधिकारीको फरक बुझाइ भएपछि आयल निगमले उद्योग मन्त्रालयमा यसबारे ब्रिफिङ गरेको थियो । निगमले हाल निमित्त कार्यकारी निर्देशक रहेका नागेन्द्र साहको नेतृत्वमा टोली गठन गरेको छ ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

आयल निगमले एक लाख किलोलिटरभन्दा बढी क्षमताको पेट्रोलियम भण्डारणगृह बनाउन लागेको चितवनको लोथरस्थित जग्गा ।
तस्बिर : नयाँ पत्रिका



■ आयल निगमका नयाँ कार्यकारी निर्देशकले टुंगो लगाउने

२६ मंसिरदेखि आयल निगमको कार्यकारी निर्देशक पद रिक्त रहेकाले भारतीय लगानीमा बन्ने परियोजनामा सहमति हुन नसकेको निगमले बहाना बनाएको छ । त्यसैले अब नयाँ कार्यकारी निर्देशक नियुक्त भएलगत्तै परियोजना निर्माणबारे निगम र आइओसीबीच 'बिटुबी' सम्झौता हुने दाबी गरिएको छ ।

उद्योग मन्त्रालयले नयाँ कार्यकारी निर्देशक नियुक्तिका लागि ७ पुषमा एक सूचना जारी गरी १३ जनाको निवेदन स्वीकृत गरिसकेको छ । अब चाँडै अन्तर्वार्ता र व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण सुरु गर्ने मन्त्रालयका प्रवक्ता ठाकुरले जानकारी दिए । यद्यपि, नयाँ कार्यकारी निर्देशकले बिटुबी सम्झौतालाई पहिलो प्राथमिकता राख्ने भए पनि तत्कालै भने प्रक्रिया अघि बढ्नेछैन । किनभने, विषय बुझ्ने र सम्झौताका लागि आवश्यक तयारी गर्दा कम्तीमा पनि दुई महिना लाग्न सक्छ । उद्योग मन्त्रालयले माघ अन्तिम सातासम्म निगममा नयाँ कार्यकारी निर्देशक नियुक्ति गर्ने तयारी गरेकाले भारतीय पक्ष अनुदानमा परियोजना निर्माणका लागि सहमति भए आगामी चैतमा मात्रै बिटुबी हुन सक्ने देखिन्छ ।

सो टोलीको ब्रिफिङ सुनेपछि उद्योगमन्त्री रमेश रिजालले अनुदान आए मात्रै परियोजना निर्माण गर्ने गरी वार्ता अघि बढाउन निर्देशन दिएका थिए । 'मन्त्रीज्यूले अनुदानबापत लगानी आए परियोजना निर्माण हुने नत्र परियोजना बनाउनुपर्दैन भन्ने निर्देशन दिनुभएको छ,' प्रवक्ता ठाकुरले भने ।

सन् २०२१ मा तयार गरिएको विवरणअनुसार अमलेखगन्ज-चितवन पाइपलाइन चार अर्ब ४८ करोड, सिलगुडी-झापा पाइपलाइन चार अर्ब ३५ करोड र झापा भण्डारणगृहको आठ अर्ब तीन करोड रुपैयाँ लागत अनुमान गरिएको छ । यसरी भारतले १६ अर्ब ८६ करोड लागतको परियोजना बनाइदिने भने पनि अहिले अनिच्छा देखाइरहेको छ । यसबाहेक चितवनमा एक लाख किलोलिटरभन्दा बढी क्षमताको भण्डारणगृह नौ अर्ब ९० करोड लागत अनुमानमा निर्माण गर्ने योजना छ । यी सबै लागत अनुमानमा अहिले कम्तीमा १० प्रतिशत मूल्यवृद्धि हुने आइओसी अधिकारीले वार्ताका क्रममा जानकारी दिएका छन् ।

वार्ताका क्रममा भारतीय पक्षले ऋण लगानीबाट मात्रै परियोजना निर्माण अघि बढ्ने स्पष्ट संकेतसमेत दिएका छन् । उनीहरूले ऋणबापतको रकम एकमुस्ट नभई २०-२५ वर्षको चुक्ता अवधि राख्न तयार भएको बताएका छन् । 'लामो समयको ऋण चुक्ता अवधि राख्ने र प्रतिकिलोलिटर लागत कट्टा हुने गरी नियमित रूपमा भुक्तानी गर्दै जाने मोडलमा परियोजना अघि बढाउन भारतीय अधिकारीले दबाब दिएका छन्,' नेपाली पक्षको वार्तालटोलीका एक सदस्यले भने ।

विगतमा मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन भारतले अनुदानमा निर्माण गरिदिएकाले अहिले अघि सारिएका नयाँ पाइपलाइन र भण्डारणगृहसमेत अनुदानमा निर्माण हुने नेपाली पक्षको आस छ । आइओसी र निगमको वार्तालटोलीले अहिलेसम्म चारपटक बैठक बसिसकेको छ । मंगलबार पुनः दुवै टोलीबीच भर्जुअल वार्ता पनि हुँदै छ । वार्तालाई सहज बनाउन दुवै देशका कम्पनीले परियोजना निर्माण हुने चितवन र झापामा स्थलगत निरीक्षण गर्न वार्तालटोली खटाइसकेका छन् । निगमका तर्फबाट चितवनको जग्गामा स्थलगत निरीक्षण गर्न उपनिर्देशक प्रदीप यादवको नेतृत्वमा सुरेन्द्र महतो र सुदन ढुंगानाको कार्यदलले काम गरिसकेको छ भने झापामा उपनिर्देशक अशोक साहको नेतृत्वमा निर्मला जोशी र मसिनी खड्काको कार्यदलले काम सकेका छन् । आइओसी अधिकारीले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)का लागि माग गरेको जग्गाको आकार, पाइप बिछ्याउने बाटोको रुट, नेपाली बजारमा निर्माण सामग्रीको औसत दरभाउ, तीन वर्षयताको मुद्रास्फीतिदरलगायत विवरण दुवै टोलीले पठाएका छन् ।

■ दुवै देशका प्रधानमन्त्रीले सहजीकरण गर्ने

परियोजनामा भारतले ऋण लगानी गर्ने कि अनुदान दिने भन्ने विषय भने पुनः दुवै देशका प्रधानमन्त्रीस्तरमा फर्कने भएको छ । 'कम्पनीस्तरको वार्तालटोलीबाट लगानीको मोडलको निचोड निस्कन सक्ने देखिएन,' प्रवक्ता ठाकुरले भने, 'त्यसैले यो विषय थाती राखेर अरू एजेन्डामा सहमति गर्नु भनेका छौँ ।' आइओसीले सम्बन्धित मन्त्रालय र निगमले उद्योग मन्त्रालयमार्फत लगानीको मोडलबारे यकिन हुन पत्र लेख्नै र ती पत्रका आधारमा दुवै देशका प्रधानमन्त्रीले सहजीकरण गरी सम्झौता गर्नुपर्ने राय उठेको ठाकुरले बताए ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/०९ गते

यस माछापुच्छ्रे बैंक लि. धनगढी शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालयमा दर्ता कायम रहेको **माँ दुर्गा ईटा टायल उद्योग** ।
सा.फ.द.प्र.प.नं. १/६०/०६६/६७, दर्ता मिति : २०६६/०८/०१, पान नं. : ३०३८३२६४७, दर्ता मिति : २०६६/०८/२८
ठेगाना : कंचनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८
साझेदारहरु : सुरेन्द्र प्रसाद साहु, भारमल सुनार र कृष्ण सिंह पन्त

व्यक्तिगत जमानतकर्ताहरू

१. सुरेन्द्र प्रसाद साहु ना.प्र.नं. २००८७/९४२७/४३, जि.प्र.का. सुनसरी जारी मिति : २०४२/०१/०५ बाबु : टेक नारायण शाहु, बाजे : बालकृष्ण शाहु ठेगाना : सुनसरी जिल्ला, कप्तानगंज गा.वि.स. वडा नं. ७ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	**२. भारमल सुनार** ना.प्र.नं. ७५१५७३, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६१/०३/०३ बाबु : धौले सुनार, बाजे : संग्राम सुनार ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८
३. कृष्ण सिंह पन्त ना.प्र.नं. ७५-१०६५-०३२/१८६, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०४४/११/२८ बाबु : प्रेम सिंह पन्त, बाजे : दान सिंह पन्त ठेगाना : कञ्चनपुर जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ५ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	**४. लक्ष्मी सुनार** ना.प्र.नं. ७५२००९/३३८, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६७/०२/२३ पति : भारमल सुनार, ससुरा : धौले सुनार ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा न. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८
५. दौलती देवी साहु ना.प्र.नं. २०८/०६३०३१, जि.प्र.का. सुनसरी जारी मिति : २०६३/११/२६ पति : सुरेन्द्र प्रसाद साहु, ससुरा : टेक नारायण साहू ठेगाना : सुनसरी जिल्ला, कप्तानगंज गा.वि.स. वडा नं. ७ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	**६. लिला देवी पन्त** ना.प्र.नं. ८४१, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६०/०९/०४ पति : कृष्ण सिंह पन्त, ससुरा : प्रेम सिंह पन्त ठेगाना : कंचनपुर जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ५ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८
७. चन्दन कुमार शाहु ना.प्र.नं. ५४७५९/५५७५९, जि.प्र.का. सुनसरी जारी मिति : २०५७/०६/२७ बाबु : सुरेन्द्र प्रसाद साहु, बाजे : टेक नारायण साहू ठेगाना : सुनसरी जिल्ला, कप्तानगंज गा.वि.स. वडा नं. ७ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	**८. मैना सुनार** ना.प्र.नं. ७५६९७४३९४९, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०३३/१२/१६ पति : धौले सुनार, ससुरा : संग्राम सुनार ठेगाना : कंचनपुर जिल्ला, सिताबस्ती गा.वि.स. वडा नं. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८
९. पार्वती कुमारी साह ना.प्र.नं. ८९७७१, जि.प्र.का. मोरङ, जारी मिति : २०६०/१२/३० बाबु : लक्ष्मी साह, पति : चन्दन कुमार शाहु, ससुरा : सुरेन्द्र प्रसाद साहु ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १५, हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	

धितोमा रहेको सम्पत्तिको विवरण

१. बाल कृष्ण साहुको नाति, टेक नारायण साहुको छोरा, सुनसरी जिल्ला, कप्तानगंज गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८ बस्ने सुरेन्द्र प्रसाद साहुको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम भएको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ६५२ र ६५३ को क्षेत्रफल क्रमशः ४,५७३.३३ व.मि. र ४,५७३.३३ व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत ।
२. टेक नारायण साहुको नाति, सुरेन्द्र प्रसाद साहुको छोरा, सुनसरी जिल्ला, कप्तानगंज गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८ बस्ने चन्दन कुमार शाहुको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम भएको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ५ स्थित कि.नं. १०२ को क्षेत्रफल ३४५.०० व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. संग्राम सुनारको नाति, धौले सुनारको छोरा, कंचनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८ बस्ने भारमल सुनारको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम भएको कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ९०५, ८८१, ७७३, ७९२ को क्षेत्रफल क्रमशः ३४१.०० व.मि., ६७७.२६ व.मि., ३३८.६३ व.मि र ३०४७.६९ व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
४. संग्राम सुनारको बुहारी, धौले सुनारको पत्नी, कंचनपुर जिल्ला, सिताबस्ती गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८ बस्ने मैना सुनारको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम भएको कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ५ स्थित कि.नं. १४९ को क्षेत्रफल १३३३५ व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
५. माँ दुर्गा ईटा टायल उद्योगले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धनगढी

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कोहलपुर, बाँकेको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कोहलपुर, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १६ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कोहलपुर, बाँकेमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:
कटक शाहीको नाती, काशी शाहीको छोरा, कालिकोट जिल्ला, लालु गा.बि.स., वडा नं.५, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्कीचुहा न.पा वडा ०१ बस्ने **ज्ञानेन्द्र बहादुर शाही** (ना.प्र.प.नं. १३९६, जारी मिति २०५३/०४/२१, जिल्ला प्रसाशन कार्यालय, कालिकोट) ।

व्यक्तिगत जमानीकर्ताको विवरण
१. काशी शाहीको बुहारी, हर्क बहादुर शाहीको छोरी, ज्ञानेन्द्र बहादुर शाहीको पत्नी, बर्दिया जिल्ला, पशुपतीगर गा.बि.स., वडा नं. ०९, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्कीचुहा न.पा वडा ०१ बस्ने **राधा शाही** (ना.प्र.प.नं. ६५३०३०/९५२, जारी मिति २०६३/१०/१७, जिल्ला प्रसाशन कार्यालय, बर्दिया) ।

लिलाम हुने सम्पत्तीको विवरण
१. **राधा शाही**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, रझेना गा.बि.स, वडा नं.०२ स्थित कि.नं. २४६१ र २१८९ को क्षेत्रफल क्रमश ३३८.६३ र १६९.३० (ब.मी) को जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **राधा शाही**को नाममा मालपोत कार्यालय बांकेमा दर्ता कायम रहेको बांके जिल्ला, कोहलपुर न.पा, वडा नं. ०२ स्थित कि.नं. २१९१ को क्षेत्रफल १६९.३० (ब.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
३. धनी कुमारी बैंक लि. र ऋणी **ज्ञानेन्द्र बहादुर शाही** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको इ.नं. 81L84839654, चे.नं MC2L4GRC0JL007845, सवारी नं. भे १ ख ३०१६ को Eicher Tipper (Terra 25 G Bogie 9S) थान १ ।
३. धनी कुमारी बैंक लि. र ऋणी **ज्ञानेन्द्र बहादुर शाही** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको इ. नं. 91A84856986 , चे.नं. MC2L4GRC0KB008213, सवारी नं. भे १ ख ३०१५ को Eicher Tipper (Terra 25 G Bogie 9S) थान १ ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० माघ १५ गते** भित्र बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कोहलपुर, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कोहलपुर, बाँकेमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० माघ १६ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कोहलपुर, बाँके फोन नं. ०८१-५४१२६४

६ महिनामा साढे २२ अर्ब एफडिआई स्वीकृत

काठमाडौं/ चालू आर्थिक वर्षको पहिलो ६ महिनामा २२ अर्ब ३३ करोड ६५ लाखबराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) स्वीकृत भएको छ । उद्योग विभागले दुई सय २६ उद्योग तथा परियोजनामार्फत प्रस्ताव गरिएको विदेशी लगानीलाई अनुमोदन गरेको हो ।

विभागले पुसमा मात्रै २७ उद्योगको एक अर्ब ७२ करोड ५९ लाख रुपैयाँ एफडिआई स्वीकृत गरेको छ । एक महिनामा २२ वटा साना र पाँचवटा ठूला उद्योगमार्फत विदेशी लगानीको प्रस्ताव आएको हो । ६ महिनामा विदेशी लगानीको अनुमति पाएका दुई सय २६ उद्योग तथा परियोजनाहरूमध्ये दुई सय ११ साना, १२ वटा मझौला र तीनवटा ठूला रहेका छन् । विभागका अनुसार सबैभन्दा धेरै लगानी प्रतिबद्धता पर्यटन क्षेत्रमा आएको छ । पर्यटन क्षेत्रमा एक सय तीन परियोजनामा विदेशी लगानीको स्वीकृति पाएका छन्, जुन कुल प्रस्तावित एफडिआईको ४५ प्रतिशत हिस्सा हो । पर्यटनअन्तर्गत होटेल, रिसोर्ट, रेस्टुरेन्ट तथा क्यासिनोमा बढी विदेशी लगानीको प्रस्ताव आएको देखिन्छ ।

सेवामूलक क्षेत्रमा विभिन्न देशबाट ८३ परियोजनामा लगानीको प्रतिबद्धता आएको छ । यस क्षेत्रमा कुल प्रस्तावित विदेशी लगानीमध्ये ३७ प्रतिशत लगानी प्रतिबद्धता रहेको छ । यस्तै, उद्योगमा चारवटा, सूचना प्रविधिमा सातवटा, उत्पादनमूलकमा २३ वटा, कृषि तथा वन क्षेत्रमा चारवटा र खानीजन्य उद्योगमा दुईवटा उद्योगको विदेशी लगानी प्रस्ताव स्वीकृत भएको छ ।

सहकारी क्षेत्रको सुधारका लागि राष्ट्र बैंक सक्रिय हुनुपर्छ : वाग्ले

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं अर्थविद् स्वर्णिम वाग्लेले सहकारी क्षेत्रको नियमनका लागि नेपाल राष्ट्र बैंक सक्रिय हुनुपर्ने बताएका छन् । सोमबार सभापति रवि लामिछानेले गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले सहकारी ऐन, २०७४ बमोजिम ५० करोडभन्दा माथि पुँजी भएका सहकारीको नियमन केन्द्रीय बैंकले गर्नुपर्ने बताएका हुन् । केन्द्रीय बैंकले तीन वर्षसम्म यस्ता सहकारीको नियमन गर्ने उनले सुझाव दिएका छन् ।

सहकारी ऐन, २०७४ निर्माण गर्दा ६९६ संशोधनको बुँदा एकै खालको भएको उनले बताए । 'सहकारी नेताहरूको लबिङमा तत्कालीन सांसदहरूले यस्तो खालको बदमासी गरे । त्यसैले त्यतिवेला सांसदहरूको पनि पहिचान गरिनुपर्छ,' उनले भने । त्यस्तै, ऐनमा भएका राम्रा व्यवस्थाको उचित कार्यान्वयन नभएको दाबी गरे ।

सहकारी ऐनमा भएको बचत तथा ऋण सुरक्षण कोष स्थापना, स्थिरीकरण कोष स्थापना, कर्जा सूचना केन्द्रको स्थापना गर्नुपर्नेजस्ता व्यवस्थालाई सरकारी जानाजान कार्यान्वयन नगरेको उनले बताए । ऐनको दफा १०१ मा कर्जा सुरक्षण कोषको व्यवस्था गरिएको छ । यो कोषले बचतकर्ताको निश्चित रकमको बिमा गर्छ । ऐनमा भएको यस्तो व्यवस्था अहिलेसम्म कार्यान्वयन भएको छैन । 'वाणिज्य, विकास, वित्त र लघुवित संस्थामा भएको बचतको पाँच लाख रुपैयाँसम्मको सुरक्षण हुने व्यवस्था छ । तर, सहकारीको छैन,' उनले भने । बलियो नियमन हुने क्षेत्रलाई झनै पातलो बनाइएको उनले दाबी गरे ।

कर्जा सुरक्षणको व्यवस्थाा भनेको विश्व स्थापित मान्यता हो । 'सन् १९२४ मा चेकोस्लाभियाले यो व्यवस्थाको सुरु गरेको थियो । सन् १९३३ मा अमेरिकाले फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनको व्यवस्था गरी दुई लाख ५० हजार डलरसम्मको सुरक्षण गऱ्यो,' उनले भने । तर, नेपाल सरकारले भने ऐनमा भएको व्यवस्थालाई पनि कार्यान्वयन गर्न सकेन । जसका कारण सहकारी क्षेत्र संकटग्रस्त भएको उनले बताए ।

Prequalification Notice
(Electromechanical works of Nyadi Phidi Hydropower Project)

North Summit Hydro Ltd. (NSHL) intends to invite application for prequalification from competent international contractors for the Electromechanical works of Nyadi Phidi Hydropower Project (21.4 MW), Lamjung, Nepal

The prequalification documents can be collected from NSHL office or by sending request through email at n.s.hydro2016@gmail.com within 7 days of publication.

Documents dully filled and attached with relevant certificates as per prequalification documents must reach NSHL office on or before 5:00pm 22nd February, 2024. Only prequalified contractors will be invited to bid.

North Summit Hydro Ltd.
Babarmahal, Kathmandu
Contact: 01-5319143/9851121726

एलजी फ्ल्यागसिप सोरुमको शुभारम्भ



काठमाडौं/ चौधरी ग्रुपअन्तर्गत एलजी ब्रान्डमातहत एलजी सपी सोरुम सञ्चालनमा आएको छ। एलजी इलेक्ट्रोनिक्स इन्काका एक्सपोर्ट निर्देशक केइथ की सु चुङ र चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले सोरुमको उद्घाटन गरेका हुन्।

आधुनिक डिजाइनमा खोलिएका यी सोरुममा एलजी ब्रान्डका एलइडी टिभी, वासिङ मेसिन, रेफ्रिजेरेटर, डिसवासर, एयर कन्डिसनर, माइक्रोवेभ ओभनलगायतका घरायसी विद्युतीय सामग्री उपलब्ध हुने बताइएको छ। सोरुम हप्ताको सातै दिन खुल्ने पनि बताइएको छ।

साथै, सोरुम शुभारम्भका अवसरमा विशेष छुट, शून्य प्रतिशत किस्ताबन्दी, एक्सचेन्ज अफर तथा लोयल्टी कार्यक्रमको पनि सुविधा रहेको सोरुम व्यवस्थापनले जनाएको छ। त्यसैगरी, एलजी सपी सोरुमले फ्री डेलिभरी र फ्री इन्टलेसन सेवासमेत दिँदै आएको बताइएको छ।

समृद्धि फाइनान्स र फाइनान्स फ्रेन्डबीच सम्झौता

काठमाडौं/ समृद्धि फाइनान्स र फाइनान्स फ्रेन्ड प्रालिबीच वित्तीय साक्षरता प्रशिक्षण तथा कर्मचारी विकास कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको छ। सम्झौतापत्रमा समृद्धि फाइनान्सका तर्फबाट नायब महाप्रबन्धक विनोदराज पौडेल र फाइनान्स फ्रेन्डका तर्फबाट संस्थापक तथा अध्यक्ष रमेशप्रसाद जोशीले हस्ताक्षर गरे। सम्झौतापछि फाइनान्स फ्रेन्डले समृद्धि फाइनान्सका कर्मचारीलाई बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित वित्तीय तालिमका कार्यक्रम उपलब्ध गराउनेछ। साथै, समृद्धि फाइनान्सको तर्फबाट वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्नेछ।

समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखामार्फत कारोबार गर्दै आएको छ भने आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गरिरहेको छ।

दूग्ध विकास संस्थान

(नेपाल सरकारको पुर्ण स्वामित्व भएको)

धनगढी दूग्ध वितरण आयोजना, अत्तरिया

डिष्ट्रीव्युटर सेवा खरीदको बोलपत्र आह्वानको सूचना

बोलपत्र सूचना नं.: डिडिसि/धदुविआ/ढुवानी सेवा/एनसिबि/२०८०/०८१-०१

पुनः सूचना प्रकाशित मिति : २०८१/१०/०९

१. दुग्ध विकास संस्थान मातहतको यस धनगढी दुग्ध वितरण आयोजना, अत्तरियाबाट उत्पादित **प्रशोधित दूध धनगढी बजार क्षेत्रका विभिन्न बुथहरु, फ्रेन्चाईज पसलहरु तथा अन्य बिक्रेताहरुलाई दैनिक रुपमा बजार डिष्ट्रीव्युसन गरि सम्पुर्ण बिक्री रकम उठाई ल्याई दैनिक रुपमा तोकिएको बैंकमा दाखिला गर्ने, बिक्री पश्चात बजारबाट सम्पुर्ण क्रेट फिर्ता ल्याउने कार्य गर्न कामदार र गाडि सहित दुई बर्ष अवधिका लागि डिष्ट्रीव्युटर मार्फत ढुवानी गरी डिष्ट्रीव्युसन गर्न डिष्ट्रीव्युटर सेवा खरीद गर्नु परेकोले** यो बोलपत्र आह्वानको सुचना प्रकाशन गरिएको छ।

२. बोलपत्रदाताले बोलपत्र फाराम दस्तुर वापत रु. ३,०००।०० **(पछि फिर्ता नहुने गरी)** ग्लोवल आइएमई बैंक लिमिटेड, अत्तरियामा रहेको यस आयोजनाको खाता च.हि.नं. ३२००१०१००००००९१ मा जम्मा गरेको सक्कल बैंक भौचर निवेदन साथ संलग्न राखी यस आयोजनाबाट मिति २०८०।१०।२३ गते सम्ममा (कार्यालय समय भित्र) बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनुपर्नेछ। बोलपत्र जमानत वापत रु.१,११,२९५। रकम दफा २ मा उल्लेखित बैंक खातामा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको इजाजत प्राप्त बाणिज्य बैंक वा वित्तीय संस्थाबाट जारी भएको विडवण्ड (बैंक जमानत) पेश गर्नुपर्ने छ।

४. बोलपत्रदाताले यो सूचना प्रकाशित मितिले १६ औं दिन अर्थात् मिति २०८०।१०।२४ गतेको दिन १२:०० बजेभित्रमा धनगढी दुग्ध वितरण आयोजनाको कार्यालय अत्तरियामा सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ। तोकेको समयपछि प्राप्त बोलपत्र स्वीकार गरिने छैन।

५. तोकिएको म्याद भित्रमा दाखिला भएका सिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा धनगढी दुग्ध वितरण आयोजना, अत्तरियामा मिति २०८०।१०।२४ गते दिनको १:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ।

७. यस सुचना तथा बोलपत्रमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

८. बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस संस्थानमा निहित रहनेछ।

भावपूर्ण श्रद्धाञ्जली

नैनं छिन्दन्ति शस्त्राणि, नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो, न शोषयति मारुतः ।।
अविनाशी छ यो आत्मा, नासिने देहमात्र हो ।
पञ्चभौतिक यो देह, देखिन्न यतिमात्र हो ।।



जन्म :
इ.सं. ८ मार्च १९६३

स्वर्गारोहण :
इ.सं. ११ जनवरी २०२४


स्व. सुमित्रा शर्मा

हाम्रा आत्मीय मित्र श्री नन्द किशोर शर्माकी धर्मपत्नी,
सुमित्रा शर्माज्यूको अकल्पनीय स्वर्गारोहणले हामी स्तब्ध र मर्माहत भएका छौं ।

स्वर्गारोहणको १२औं दिनको पुण्यतिथिमा स्वर्गवासी आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिका लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

मधु / अशोक अग्रवाल	सरोज / प्रमोद घिराईया
बन्दना / राम चन्द्र संघाई	नम्रता / डा. रमेश चोखानी
दुर्गा / पुरुषोत्तम घिराईया	अनिता / दिनेश चोखानी
रेखा / सुरेश अग्रवाल	अनिता / गोविन्द सरीया
सबिता / सुशिल गाडिया	ज्योति / बिमल खेतान
मञ्जु / अशोक भिमसरिया	किरण / श्याम खेतान
महेश भिमसरिया	सरिता / प्रमोद खेतान
मञ्जु / विजय घोडिवाल	कृष्णा / अजय चोखानी
उषा / सुभाष खेतान	मीरा / पवन अग्रवाल
मीना / पवन सरीया	उर्मिला / बिमल आहुजा
मधु / सन्तोष अग्रवाल	लता / हेमन्त नाहटा

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि. सं. १९९४ असार ०७

स्वर्गारोहण
वि. सं. २०८० पुस २६

स्व. तेज प्रसाद भट्ट

ग्लोबल च्वाईस एजुकेशन कन्सल्ट्यान्ट प्रमुख श्री थिर लाल भट्टका पूजनीय पिता श्री **तेज प्रसाद भट्ट**को असामयिक निधनको खबरले हामी स्तब्ध र मर्माहत भएका छौं । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

स्टार मल, परिवार

नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

■ प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट

एकै खेलमा दुई शतक


मधेशका मायान यादव


सुदूरपश्चिमका नरेन भट्ट

नयाँ पत्रिका

प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय प्रतियोगिताको एकै दिन दुई शतक बनेका छन्। प्रतियोगिताको २१औँ खेलमा सोमबार मधेशले सुदूरपश्चिमलाई ८० रनले हराउँदा दुई शतक बनेका हुन्। मधेशका मायान यादव र सुदूरपश्चिमका नरेन भट्टले शतकीय इनिङ्स खेलेका हुन्। पिएम कपमा पहिलोपटक एकै खेलमा दुई शतक बन्यो। पहिलो ब्याटिङ गरेको मधेशले मायानको शतकको सहयोगमा ५० ओभरमा ९ विकेट गुमाउँदै तीन सय १९ रन बनाएको थियो। प्रत्युत्तरमा सुदूरपश्चिम ४४.५ ओभरमा अलआउट हुँदा दुई सय ३९ रन मात्रै बनायो। सुदूरपश्चिमले प्रतियोगितामा पहिलो हार व्यहोरेको छ। यो हारसँगै सुदूरपश्चिम चौथो स्थानमा झर्‍यो। सुदूरपश्चिमले चार खेलमा तीन जितसहित ६ अंक जोडेको छ। मधेश ६ खेलबाट आठ अंकसहित तेस्रो स्थानमा उक्लियो।

> पिएम कपको २१औँ खेलमा सुदूरपश्चिमका नरेन भट्टले एक सय २१ रन र मधेशका मायान यादवले एक सय १५ रनको शतकीय इनिङ्स खेले

नरेनको पहिलो शतक

सुदूरपश्चिमका नरेनले मधेशविरुद्ध एक सय २१ रनको योगदान दिए। उनले एक सय २२ बलमा १३ चौका र एक छक्का हिर्काए। सुदूरपश्चिमका नारायण जोशीले २६ रन, किरन ठगुन्नाले २० रन, नरेन साउदले १८ रनको योगदान गरे। बलिङतर्फ मधेशका राजेश यादव र प्रदीप पासवानले समान तीन विकेट लिए। रञ्जित कुमारले एक विकेट हात पार्न सफल रहे। नरेनले टोलीमा भूमिकाअनुसार खेले पनि राम्रो साझेदारी हुन नसकेको बताए।

'हामीले सोचेजस्तो साझेदारी बनाउन सकेनौँ, यसैकारण हामी खेल हार्‍यौँ,' नरेनले भने, 'मैले पाएको भूमिकाअनुसार खेलेँ, मलाई सुरुदेखि अन्तिमसम्म खेल्न भूमिका दिएको थियो।'

दुई शतकीय साझेदारी

मधेशको ब्याटिङ इनिङ्समा दुई शतकीय साझेदारी भएको थियो। मायानले एक सय १५ रन जोड्न एक सय २८ बलमा आठ चौका र दुई छक्का प्रहार गरेका थिए। जनकपुरका १६ वर्षीय मायानको यो प्रतियोगिताकै पहिलो शतक हो। मधेशका पावन सर्राफले ७० रन जोडे। अनिल शाहले ६९ रन बनाए। दोस्रो विकेटका लागि अनिल र मायानले एक सय ६ रनको साझेदारी गरेका थिए। पवन र मायानले तेस्रो विकेट निमित्त एक सय २७ रनको शतकीय साझेदारी गर्न सफल भए।

सुवास र युनिसालाई स्वर्ण

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमीका सुवास रावत र हिमरश्मिकी युनिसा पाठकले सातौँ ओप्स खेलकुद महोत्सवअन्तर्गत एथलेटिक्सको चार सय मिटर दौडमा सोमबार स्वर्ण जितेका छन्। सुवास पुरुष तथा युनिसा महिलामा पहिलो भएका हुन्। अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स) द्वारा आयोजित प्रतियोगितामा सुवासले निर्धारित दूरी एक मिनेट ०१.५७ सेकेन्डमा पूरा गरे। युनिसाले एक मिनेट १६.०९ सेकेन्ड समय निकालिन्। दशरथ रंगशालामा भएको दुई सय मिटर दौडको पुरुषमा लालीगुराँसका सुदीप पाण्डे २६.०६ सेकेन्डका साथ पहिलो भए। महिलामा हिमरश्मिकी ममता बरालले स्वर्ण जितिन्। ममताले निर्धारित दूरी तय गर्न ३२.३६ सेकेन्ड समय खर्चिन्। पुरुष त्रिजम्पमा लालीगुराँसका दीपेन्द्र गिरी पहिलो भए। उनले ११.१७ मिटर जम्प गरे। सोही स्पर्धाको महिलामा ७.६४ मिटर जम्प गरेकी सिर्जना ज्ञानसागरकी ग्रिष्मा देवकोटा शीर्ष स्थानमा रहिन्।


हिमरश्मिकी युनिसा पाठक

धरानमा बुधबारदेखि सूर्य नेपाल इस्टर्न ओपन

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपन बुधबारदेखि धरान गल्फ क्लबमा सुरु हुँदै छ। तीन दिनसम्म चल्ने प्रो-प्रतियोगिता ५४ होलको हुनेछ। प्रतियोगितामा ३० प्रोफेसनल र १० एमेच्योर गल्फरले भाग लिने निश्चित भएको नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन एनपिजिएका महासचिव दीपक आचार्यले बताएका छन्। उनका अनुसार प्रतियोगितामा सहभागी हुन नाम दर्ता गराउने अन्तिम दिन मंगलबारसम्म रहेको छ। काठमाडौंबाहिर हुने दुई प्रतियोगितामध्ये सूर्य नेपाल इस्टर्न ओपनमा धरानका पाँचजना प्रोफेसनल गल्फरको सहभागिता रहनेछ।

प्रतियोगितामा साबिक विजेता तथा नेपालका नम्बर एक गल्फर शुक्रबहादुर राई घरेलु कोर्समा उपाधि रक्षा गर्ने कोसिसमा हुनेछन्। यो सिजन उत्कृष्ट फर्ममा रहेका तथा सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेका उपाधि विजेता दिनेश प्रजापति पनि प्रमुख दाबेदार खेलाडीमा उभिएका छन्। ३६ होलको समाप्तिपछि कट लागू हुनेछ। जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलका लागि स्थान बनाउनेछन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पुर्वाधार विभाग
सस्पेन्सन बृज डिभिजन
श्रीमहल, पुल्चोक, ललितपुर
प्रकाशित मिति : २०८०।१०।०९

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा, यस डिभिजनको नेपालगञ्जस्थित भवन मर्मत कार्य (NCB–01/080/81) को लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब पोर्टल **https://bolpatra.gov.np/egp** मा बोलपत्र आव्हान सम्बन्धि सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कावासोती, नवलपरासीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय कावासोती, नवलपरासीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ २४ गते बुधबार**का दिन शाखा कार्यालय कावासोती, नवलपरासीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:
रतन लाल चौधरीको नाती, देविराम चौधरीको छोरा, जान कुमारी चौधरीको पती, नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०१ बस्ने **भोज बहादुर चौधरी** (ना.प्र.प.नं. १८८४१, जारी मिति २०५१/०८/२५, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. देविराम चौधरीको बुहारी, मन बहादुर थारुको छोरी, भोज बहादुर चौधरीको पत्नी, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०१, बस्ने **जान कुमारी चौधरी** (ना.प्र.प.नं. ४२०४७, जारी मिति २०६१/१२/१०, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।
२. देविराम चौधरीको नाती, भोज बहादुर चौधरीको छोरा, नवलपरासी जिल्ला मध्यविन्दु न.पा. वडा नं.०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०१ बस्ने **सन्दिप चौधरी** (ना.प्र.प.नं. ३६-०२-७४-०२६३०, जारी मिति २०७४/०३/२५, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **भोज बहादुर चौधरी**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं.०१/ख स्थित कित्ता नं.५०८ को क्षेत्रफल ०-३-७.५, (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:
क. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, भरतपुर चितवनमा मिति २०७४/०९/०२ मा स्थाई लेखा नम्बर ६०७२६००४५ कायम भई प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पुर्व), मा मिती २०७७/१०/०७ मा दर्ता नं. १३६६/०७७/०७८ कायम रही नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहेको **थनेत होटेल एण्ड खाजा घर** (प्रोप्राईटर कोमालीका थनैतको नाति, पुरन प्रसाद थनैतको छोरा, संगिता थनैतको पति नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं. १४ बस्ने **धन बहादुर थनैत** (ना.प्र.प.नं. ७/७३९०, जारी मिति २०४७/०४/१७ जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
ख. कोमालीका थनैतको नाति, पुरन प्रसाद थनैतको छोरा, संगिता थनैतको पति नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.१४ बस्ने **धन बहादुर थनैत** (ना.प्र.प.नं. ७/७३९०, जारी मिति २०४७/०४/१७ जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पुरन प्रसाद थनैतको बुहारी, चेत बहादुर महतोको छोरी, धन बहादुर थनैतको पत्नी, नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.१४, बस्ने **संगिता थनेत** (ना.प्र.प.नं. ४१५४०, जारी मिति २०६१/११/३०, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. कोमालीका थनैतको नाति, पुरन प्रसाद थनैतको छोरा, संगिता थनैतको पति नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.१४ बस्ने **धन बहादुर थनैत** (ना.प्र.प.नं. ७/७३९०, जारी मिति २०४७/०४/१७ जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **धन बहादुर थनैत**को नाममा मालपोत कार्यालय कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं.८/ख स्थित कित्ता नं.७७३ को क्षेत्रफल ०-१-२ (बि.क.धु) घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ २३ गते** भित्र बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कावासोती, नवलपरासीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० माघ २४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ २४ गते बुधवार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय कावासोती, नवलपरासी फोन नं. ०७८-५४०१६५

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८०/१०/०९

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणि **मल्टी मोडेल ट्रेडर्स र विक्रम बराह** लाई मिति बि.स.२०७९/१२/०५ को बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने र ऋणि **पदम बहादुर राना** लाई मिति बि.स.२०८०/०४/१० को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनमा यस बैंकको शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देहीमा दिउँसो ४:० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपसिल

१.कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : मल्टी मोडेल ट्रेडर्स
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं. ८
रजिष्ट्रेसन नं. : ४६३६२/०७६/०७७ (वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा)
पान नं. : ६००५६३९६५

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : विक्रम बराह
बाबु : मिन बहादुर बराह
बाजे : धन सिंह दर्जि
ठेगाना : तानसेन-१२, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ३९-०१-६९-०४९०१
जारी मिति : २०६९/०९/०८
जि.प्र.का. : पाल्पा

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : विनोद पोखेल
बाबु : पुरुषोत्तम पोखेल
बाजे : कुलदिप पोखेल
ठेगाना : आम्बौटे-३, सिन्धुली
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : २६४/२९५६६
जारी मिति : २०५९/१२/२६
जि.प्र.का. : सिन्धुली

२. नाम : धन कुमारी बराहा
बाबु : जग सिंह दर्नाल
पति : बिक्रम बराह
ससुरा : मिन बहादुर बराह
ठेगाना : तानसेन-१२, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ३९१०६६/१२५४
जारी मिति : २०६५/१०/०६
जि.प्र.का. : पाल्पा

३. नाम : छलि कुमारी दमिनी
बाबु : मोती लाल दर्नाल
पति : मिन बहादुर दर्जि
ससुरा : धन सिंह दर्जि
ठेगाना : बन्दिपोखरा-९, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ९६६
जारी मिति : २०४४/१२/०२
जि.प्र.का. : पाल्पा

२.कर्जा शिर्षक : सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा
ऋणीको नाम र ठेगाना
नाम : विक्रम बराह
बाबु : मिन बहादुर बराह
बाजे : धन सिंह दर्जि
स्थायी ठेगाना : तानसेन-१२, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा-०८, रुपन्देही
ना.प्र.नं. : ३९-०१-६९-०४९०१
जारी मिति : २०६९/०९/०८
जि.प्र.का. : पाल्पा

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : विनोद पोखेल
बाबु : पुरुषोत्तम पोखेल
बाजे : कुलदिप पोखेल
ठेगाना : आम्बौटे-३, सिन्धुली
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : २६४/२९५६६
जारी मिति : २०५९/१२/२६
जि.प्र.का. : सिन्धुली

२. नाम : धन कुमारी बराहा
बाबु : जग सिंह दर्नाल
पति : बिक्रम बराह
ससुरा : मिन बहादुर बराह
ठेगाना : तानसेन-१२, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ३९१०६६/१२५४
जारी मिति : २०६५/१०/०६
जि.प्र.का. : पाल्पा

३. नाम : छलि कुमारी दमिनी
बाबु : मोती लाल दर्नाल
पति : मिन बहादुर दर्जि
ससुरा : धन सिंह दर्जि
ठेगाना : बन्दिपोखरा-९, पाल्पा
हालको ठेगाना : बुटवल उप.म.न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ९६६
जारी मिति : २०४४/१२/०२
जि.प्र.का. : पाल्पा

धितो राखिएको सम्पत्तिको विवरण: माथि उल्लेखित ऋणिहरु मल्टी मोडेल ट्रेडर्स र बिक्रम बराहले लिएको कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम: छलि कुमारी दमिनी

जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि)	कैफियत
रुपन्देही	बुटवल	१०	१७	११०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

ऋणि **मल्टी मोडेल ट्रेडर्स**ले लिएको ऋणकर्जाको लागि माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

३. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन –आवधिक कर्जा
ऋणीको नाम र ठेगाना
नाम : पदम बहादुर राना
बाबु : किसन सिं
बाजे : टेक बहादुर राना
स्थायी ठेगाना : भार्से गा.वि.स.-०१, गुल्मी
हालको ठेगाना : बुटवल उप.म.न.पा.-०४, रुपन्देही
ना.प्र.नं. : ७८५
जारी मिति : २०४३/०७/२०
जि.प्र.का. : गुल्मी

जमानीकर्ताको नाम र ठेगाना
नाम : धनिमाया राना
बाबु : दल बहादुर श्रीस
पति : पदम बहादुर राना
ससुरा : किसन सिं
ठेगाना : भार्से गा.वि.स.-०१, गुल्मी
हालको ठेगाना : बुटवल उप.म.न.पा-०४, रुपन्देही
ना.प्र.नं. : ८६७
जारी मिति : २०४५/०१/०५
जारी जिल्ला : गुल्मी

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : पदम बहादुर राना

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./सिट नं.	कि.नं.	क्षेत्रफल (बि.क.धु.)	कैफियत
१.	रुपन्देही	सेमलार	२/ङ	९६५	०–१–८.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवम् शर्तहरु :
१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, हस्पिटललाईन र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथमा समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१०/२४ गते, बुधबार।
समय :- दिउँसो ४:०० बजे,
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देही।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

खेल संक्षेप

सम्झना कप १६ माघदेखि

काठमाडौं/ ललितपुर टेबलटेनिस क्लबको आयोजना तथा कन्सेप्ट मेकर्जको व्यवस्थापनमा छैटौं सम्झना कप अन्तर्राष्ट्रिय टेबलटेनिस प्रतियोगिता १६ माघदेखि हुने भएको छ। प्रतियोगितामा तीन सय ९० जना खेलाडीको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष उर्दीप जोशीले जानकारी गराए। भारतबाट १६ जना पुरुष र आठजना महिलाको सहभागिता रहनेछ। चीनबाट दुई महिला खेलाडी सहभागी हुनेछन्। प्रतियोगितामा पुरुष तथा महिलातर्फ शीर्ष स्थानमा रहने खेलाडीले ५० हजार रुपैयाँ पाउनेछन्।


रुम्जाटारलाई उपाधि

ओखलढुंगा/ सिद्धिचरण नगरपालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि रुम्जाटार माध्यमिक विद्यालय रुम्जाटारले जितेको छ। प्रतियोगितामा ४९ स्वर्ण, आठ रजत र ११ कांस्य गरी ६८ पदकका साथ रुम्जाटार माविले उपाधि हात पारेको हो। लालीगुराँस इंग्लिस स्कुल दोस्रो भएको छ।

रोकाया सम्मानित

काठमाडौं/ टेक्सास कलेजले ओलम्पियन हरिबहादुर रोकाया र इस्पोर्ट्स् रेफ्री क्षितिज श्रेष्ठलाई सम्मान गरेको छ। कलेजका कार्यकारी अध्यक्ष भेषराज पोखरेल र एपिएफका एसएसपी राजेन्द्र खड्काले रोकाया र श्रेष्ठलाई सम्मानित गरेका हुन्।

२३औँ आहा रारा पोखरा गोल्डकप आजदेखि



कास्कीमा **रोहितराज पराजुली**

२३औँ संस्करणको आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता मंगलबारदेखि पोखरा रंगशालामा सुरु हुँदै छ। २० माघसम्म चल्ने गोल्डकपको उद्घाटन खेलमा थ्री स्टार क्लबले आयोजक सहारा क्लबको सामना गर्नेछ। गोल्डकपमा थ्री स्टार र सहाराबीचको यो तेस्रो भेट हो। ०६३ को संस्करणअन्तर्गत सेमिफाइनलमा थ्री स्टारले सहारालाई ३-० ले हराएको थियो। ०६९ को फाइनलमा थ्री स्टार १-० ले विजयी भएको थियो। अहिलेसम्म थ्री स्टारले पाँचपटक र सहाराले एकपटक गोल्डकप प्रतियोगिताको उपाधि उचालेका छन्।

दुवै टोलीका कप्तान र प्रशिक्षक जितसहित अघिल्लो चरणमा पुग्ने दाबी गरेका छन्। थ्री स्टार यसअघिका दुई खेलको जितलाई निरन्तरता दिन मैदान उत्रँदै छ। सहारा यसअघिका दुई खेलमा व्यहोरेको हारको बदला लिने मनसायका साथ मैदान प्रवेश गर्नेछ। दुवै टोली आक्रामक रूपमा प्रस्तुत हुने र विपक्षीको खेलअनुसार आवश्यक रणनीति बनाउने योजनामा छन्। थ्री स्टारका प्रशिक्षक विक्रम लामाले प्रतियोगिताको तयारी राम्रोसँग गर्न नपाए पनि जितका लागि खेल्ने बताए।

'फुटबलको सिजन सुरु नभएकाले प्रतियोगिताको तयारीका लागि धेरै प्रशिक्षण गर्न पाएनौँ, यसबीचमा खेलाडी छरिएर बसेका कारण सबैजना जम्मा हुन नसकेकाले पनि तयारी सोचेजस्तो भएन,' प्रशिक्षक लामाले भने, 'तर पनि पूर्ण तयारीका साथ आएका छौँ, उच्च मनोबलका साथ मैदानमा प्रस्तुत हुनेछौँ।' उनले नकआउट खेल भएकाले आक्रामक रूपमा प्रस्तुत हुने बताए। सहाराका प्रशिक्षक सुनिल रानाले टोलीले राम्रो तयारी गरेको बताए। टोलीमा धेरै क्षेत्रका खेलाडी रहेको बताउँदै उनले खेलको तयारीका लागि आफूहरूले धेरै मिहिनेत गरेको जनाए। 'प्रतियोगिताका लागि हाम्रो तयारी राम्रो छ, सबै खेलाडीको मनोबल उच्च छ,' रानाले भने।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com